मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति' को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ | अंक २५७ | २०८० साल साउन १२ गते शुक्रबार | Friday 28, July 2023 | सूर्योदयः बिहान ५:२७ बजे | सूर्यास्तः साँझ ६:५६ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# मधेश काकाकुल हुँदा मधेशकै मन्त्रीहरुको मौनता



## निर्वाचित दुई अनुहार

नामः महिन्द्र राय यादव
भूगोलः सर्लाही–२
पार्टीः नेपाल समाजवादी पार्टी
प्राप्त मतः २३,५२९
पदः खानेपानी मन्त्री (संघीय सरकार)

नामः सिंहासन सा कलवार
भूगोलः पर्सा ४ (२)
पार्टीः जनता समाजवादी पार्टी
प्राप्त मतः १५,३८५
पदः खानेपानी तथा ऊर्जा विकास मन्त्री (मधेश प्रदेश सरकार)

**मितिः २०७९ मंसिर १० गते**
**निर्वाचनः संघ तथा प्रदेश (देशभर)**



## महानगरद्वारा पानी वितरण जारी

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको अधिकांश क्षेत्रमा चापाकल सुकेर पानीको अभाव हुन थालेपछि महानगरपालिकाले विभिन्न वडामा ट्यांकरबाट पानी वितरण गर्ने कार्यलाई तिब्रता दिएको छ । महानगरले ट्यांकरबाट पानी वितरण गर्नुका साथै विभिन्न स्थानमा अस्थायी ट्यांकी नै राखेर पानी वितरणको व्यवस्था मिलाएको हो । महानगरले वडामा पानी वितरणका लागि समय तालिका नै सार्वजनिक गरेको छ । नगरवासीको जनजीवन सहज बनाउन महानगरले समय नै तोकेर पानी वितरणका लागि तालिका सार्वजनिक गरेको महानगरका मेयर राजेशमान सिंहले बताए । बिहान ५ बजेदेखि राति ८ बजेसम्म विभिन्न १९ वटा वडामा ट्यांकरमार्फत पानी वितरण गरिरहेको र अन्य वडामा पनि समस्या देखिए पानी उपलब्ध गराउने मेयर सिंहले बताए । ट्यांकरबाट अहिलेसम्म १९ वटा वटामा दैनिक पानी उपलब्ध गराइरहेको र अहिलेसम्म ७ वटा वडाको विभिन्न स्थानमा अस्थायी ट्यांकी राखिएको छ । यसका साथै खानेपानी संस्थानको पाइपलाइन विस्तार भएका ठाउँको सार्वजनिक स्थानमा खानेपानीको धारा राख्ने कामलाई पनि महानगरले तिब्रता दिएको छ । खानेपानीको पाइपलाइन वडा नम्बर १ देखि १७ र १९ मा विस्तार भएकाले ती वडाका सार्वजनिक स्थानमा पानीको धारा राख्ने काम भइरहेको महानगरको खानेपानी शाखाका प्रमुख भोगेन्द्र चापागाईंले जानकारी दिए । जलस्तर तल झरेपछि वीरगंजका विभिन्न वडाका हजारौँ चापाकल सुकेका छन् । तत्कालै प्राकृतिकरूपमै जलस्तरमा सुधार आउने सम्भावना कम देखिएकाले महानगरले अहिले पानी ट्यांकीमार्फत अस्थायी रूपमा समस्या समाधानको प्रयास गरिरहेको हो । यसवर्ष अपेक्षाकृत निकै कम वर्षा भएकाले समस्या आएको र यो प्राकृतिक विपत् भएको हुँदा अस्थायीरुपमा समस्या समाधानका लागि खानेपानी संस्थानसँगको समन्वयमा सार्वजनिक स्थानमा पानीको धारा जोड्ने कार्यसमेत भइरहेको नगर प्रमुख सिंहले बताए ।

## दलका नेताहरु पानी वितरणमा सक्रिय

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा जारी खानेपानीको हाहाकारका समयमा विभिन्न राजनीतिक दल, जनप्रतिनिधि तथा समाजसेवीले खानेपानी वितरणलाई तिव्रता दिएका छन । नेपाली कांग्र्रेस निर्वाचन क्षेत्र नम्बर १ का पूर्वसभापति विजय सर्राफले वीरगंज महानगरपालिकाको वडा नम्बर १, २, ३, ११, १२ र १६ मा गरी २ दिनयता ५० हजार लिटर खानेपानी वितरण गरेको जानकारी दिए । खानेपानी वितरण कार्यमा नेपाली कांग्र्रेस वीरगंज महानगरपालिका वडा नम्बर १ का बुथ सभापति विजय सह्नी, सदस्यहरू पप्पू कुमार, प्रशान्त कुमार, वीरेन्द्र गुप्ता, माजिद मियाँ अन्सारी, रहामुद्धीन सिद्धिकी, कमलेश गुप्तालगायतको सहभागिता थियो । त्यसैगरी, वीरगंज महानगरपालिकाको वडा नम्बर १२ मा खानेपानी सुकेसँगै वडा अध्यक्ष सुरेश गुप्ताले पानी वितरण कार्यलाई तिव्रता दिएका छन् । त्यसैगरी, नेकपा एमाले पर्साका युवा नेता अजय कुमार गुप्ताले वीरगंज महानगरपालिकाको वडा नम्बर १० का विभिन्न स्थानमा समस्याग्रस्त नगरवासीको घर पुगेर पानी वितरण गरेका छन् ।

**मधेशदृष्टि**
**वीरगंज ।**
सिंगो मधेश प्रदेश तीनसय फिट गहिराइमा समेत पानीको स्रोत नभएर काकाकुल छ । केन्द्र सरकारदेखि प्रदेश सरकारसम्ममा खानेपानी मन्त्री छन् मधेश प्रदेशका नेताहरु । मधेश प्रदेशको राजधानी धनुषा होस् या आर्थिक राजधानी वीरगंज । पानी अभावमा छट्पटाइरहेको छ । तर मधेश प्रदेश सरकारका खानेपानी मन्त्री हुन् वा संघ सरकार खानेपानी मन्त्री यस्तो समस्यामा बेखबर देखिन्छन् । उनीहरु के गर्दैछन्, कसैलाई थाहा छैन ।
वीरगंजमा खानेपानी अभावले यति समस्या पारेको छ कि, वीरगंज महानगरले ट्यांकरमा पानी ओसारेर वितरण गरिरहेको छ । यो अभियानमा नेपाली कांग्रेस, नेकपा एमालेका नेताहरु पनि जोडिएका छन् । केही संघसंस्था, अगुवा, समाजसेवी, वडाध्यक्षहरुको व्यक्तिगत प्रयासले मात्रै काकाकुल वीरगंजको प्यास मेटाउन असमर्थ छ । तर, त्यही पर्साको निर्वाचन क्षेत्र नम्बर ४ को 'ख' प्रदेश सभामा दोहोरिएर सांसद तथा मधेश प्रदेश सरकारका खानेपानी मन्त्री भएका सिंहासन सा कलवारको भूमिका कतै देखिएको छैन ।
कतिसम्म भन्ने वीरगंजमा खानेपानीको धारा जडानमा समेत बदमासी भइरहेको छ । वीरगंजमा खानेपानीको हाहाकार भइरहेका बेला सर्वसाधारणले महिनौँदेखि खानेपानी संस्थानमा धारा जडानका लागि धाइरहँदा धारा जडान गर्न पाएका छैनन् । खानेपानी संस्थान वीरगंज शाखाका प्रबन्धक निरण महर्जनसहित कार्यालयका इन्जिनियर र अन्य कर्मचारीले केही दिन यता दलालमार्फत आउने व्यक्तिको पैसा खाएर निवेदन दिएको २÷३ दिनमै धारा जडान गर्ने गरेको पाइएको छ । राजनीतिक दलका नेता र मन्त्रीको सोर्सफोर्समा उनीहरुका निकट कार्यकर्ताको धारा जडान हुने गरेको लुकेको छैन । तर, सर्वसाधारणको धारा जडानमा खानेपानी संस्थान मौन छ । दलालमार्फत १० हजार रुपैयाँ भन्दा बढी रकम दिनेबित्तिकै तत्काल धारा जडान हुने गरेको भन्दै सर्वसाधारणको धैर्यता टुट्ने अवस्थामा पुगेको छ ।
यस्तो अवस्थामा स्थानीय तहले पानी बाँडेको हेरेर प्रदेश सरकारका मन्त्री बसिरहेका छन् । आफ्नै गृहजिल्लाका सांसद प्रदेश सरकारका मन्त्री अझ पानीको प्यासले छटपटाइरहेका बेला त्यही विभागीय मन्त्री हुँदा सान्त्वना र सहानुभूतिसमेत नपाएपछि पर्साका सर्वसाधारण प्रदेश सरकार र मन्त्री कलवारसँग अत्यन्त असन्तुष्ट देखिएका छन् । उनले प्रदेशका र आफ्ना गृहजिल्लामा वासिन्दालाई एक थोपा पानी दिने प्रयास नगरेको पाइएको छ । प्रदेश सरकारको बजेटबाट पानी वितरण मात्रै गर्न सके पनि ठूलो राहत हुने अवस्थामा मन्त्रीको भूमिका कतै

बाँकी पृष्ठ २ मा

## 'लेबलिङ'ले उद्योगी व्यवसायी त्रसित, व्यापार प्रभावित

*सरोकारवाला निकाय नै लेबलिङबारे अष्पष्ट*
*भारतीय गाडीलाई चेकजाँचका नाममा दुःख*
*आफूखुशी हार्मोनिक कोड बनाएर राजस्व असुली*
*समस्या समाधान नभए आन्दोलनमा उत्रने चेतावनी*




**हरिशंकर शर्मा**
**वीरगंज ।**
भन्सार विभागले असार २२ गते जारी गरेको 'लेबल लगाउनेसम्बन्धी सूचना'का कारण व्यवसायीमा अन्यौलता एवम् त्रासको वातावरण सृजना भएको व्यापारीले गुनासो गरेका छन् । वीरगंज उद्योग वाणिज्य संघमा पत्रकार सम्मेलन गरेरै उद्योगी व्यवसायीले २०८० साउन १ गतेदेखि लेबलिङ कार्यान्वयनमा ल्याउने भनी जारी अस्पष्ट र अव्यवहारिक सूचनाका कारण आयात तथा आन्तरिक व्यापार प्रभावित हुन पुगेको गुनासो पोखे । उनीहरुले भन्सार विभागद्वारा जारी सूचना आफैँमा स्पष्ट नरहेको, सँगै स्पष्ट पार्ने सरोकारवाला निकाय पनि लेबलिङबारे प्रष्ट नपारेको बताए ।
लेबलिङसम्बन्धी स्पष्ट प्रावधान र नीतिगत व्यवस्था र निर्देशिका जारी नभएसम्म लेबलिङ लगाउने प्रावधान स्थगित गर्नुपर्नेतर्फ नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराए ।
विगत केही महिनादेखि भन्सार प्रशासनले राजस्व सङ्कलनका नाउँमा आयातकर्तालाई दुःख दिने कार्य मात्रै भइरहेको उनीहरुको आरोप छ ।
भन्सार कार्यालयले बिलबिजकको मूल्यको आधारमा भन्सार जाँचपास नगर्ने, वर्षौं पुराना कार्यविधि अर्थात् मूल्य पुस्तिकाका आधारमा मालवस्तु मूल्यांकन गरी जाँचपास गर्ने, वास्तविक मूल्य राखी जाँचपास गराउन खोज्दा पनि ५०% सम्म जरिवाना (पेनाल्टी) लगाउने, मालवस्तुको वास्तविक हार्मोनिक कोडको आधारमा भन्सार जाँचपास गर्नुपर्नेमा आफूखुशी हार्मोनिक कोड कायम गरी बढी राजस्व लिने गरेकाले नेपाली आयातकर्ता आक्रान्त बनेको उद्योगी व्यवसायीको भनाइ छ ।
विभिन्न समस्या झेल्दै उद्योग, व्यापार, व्यवसाय सञ्चालन गर्दै आएकामा सरकारी निकायबाटै नियन्त्रणात्मक गतिविधिका नाममा भइरहेको अनपेक्षित नीतिगत हस्तक्षेपका कारण आर्थिक गतिविधि खस्कँदै गइरहेको उद्योगी व्यवसायीको भनाइ छ । यस्ता किसिमको अव्यवहारिक र अन्यायपूर्ण कार्य यथाशीघ्र बन्द गरी पैठारीकर्ताले पेश गरेको बिलबिजकका आधारमा भन्सार मूल्यांकन गर्नु पर्ने उनीहरुको माग छ । भन्सारबाट जाँचपास भई छुटेका मालबाहक सवारीसाधनलाई अनुसन्धानका नाममा पक्राउ गरी राजस्व अनुसन्धान कार्यालयमा पठाउने परिपाटीका कारण पनि आयातकर्ता मर्कामा परेको उद्योगी व्यवसायीले गुनासो पोखे ।
आवश्यक प्रक्रिया पु¥याई सम्पूर्ण कागजातका बाबजुद भन्सार जाँचपास भएका मालबाहक सवारीसाधनलाई दुःख दिने नियतले मालवस्तुको न्युन मूल्यांकन भएको भन्दै सवारी साधनलाई राजस्व अनुसन्धान कार्यालय पठाउने परिपाटी पछिल्ला केही समयदेखि बढिरहेको भन्दै उद्योगी व्यापारीले यस्ता क्रियाकलापले उद्योग, व्यवसायमा थप समस्या सिर्जना

बाँकी पृष्ठ २ मा

## भारतीय सुरक्षाकर्मीको मृत्युपछि आवतजावत बन्द

*आमवा गाउँका जनप्रतिनिधि मनोज जयसवाल झरोखरबाट घरतर्फ जाँदै गर्दा बाटोमा मादकपदार्थ जाँच गर्ने प्रहरीको टोलीसित भेट भएपछि प्रहरीले मादकपदार्थ सेवन गरे/नगरेको जाँच गर्न खोज्दा उनीहरुबीच विवाद हुँदा घटनाले उग्ररुप लिएपछि दोहोरो झडप भएको थियो ।*

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको सिम्रौनगढ नगरपालिकाको बसवरिया गाउँसित जोडिएका भारतीय गाउँ झरोखर–आमवा सडक खण्डको महादेव मन्दिरनजिक स्थानीय र प्रहरीबीचको झडपमा भारतीय प्रहरीका सहयोगीको मृत्यु भएपछि सीमा नाकामा आउजाउ बन्द भएको छ ।
स्थानीयको कुटाइबाट उनको मृत्यु भएको र अन्य सात प्रहरी घाइते भएका छन् । सोमबार साँझ भएको झडपले उग्ररुप लिएपछि एक जनाको मृत्यु हुनुका साथै सात प्रहरी घाइते भएका थिए । घाइतेको भारतीय अस्पतालहरुमा उपचार भइरहेको सीमा पारीका गाउँ झरोखर थानाका एक प्रहरी अधिकारीले बताए ।
झडपमा बिहार समस्तीपुरका ५५ वर्षीय प्रहरीका सहयोगी 'होम गार्ड' हृदयनारायण रायको मृत्यु भएको थियो । आमवा गाउँका जनप्रतिनिधि मनोज जयसवाल झरोखरबाट घरतर्फ जाँदै गर्दा बाटोमा मादकपदार्थ जाँच गर्ने प्रहरीको टोलीसित भेट भएपछि प्रहरीले मादकपदार्थ सेवन गरे/नगरेको जाँच गर्न खोज्दा उनीहरुबीच विवाद हुँदा घटनाले उग्ररुप लिएपछि दोहोरो झडप भएको थियो ।
घटनापछि अहिले झरोखर गाउँका स्थानीय भागाभाग भएका छन् भने सीमानाका बन्द गरिएको छ । प्रहरीले झरोखर गाउँका दर्जनौँलाई पक्राउ गरेको छ । गाउँमा त्रास फैलिएपछि सीमा क्षेत्रका भारतीय लुकिछिपी नेपाल प्रवेश गरेर आफन्त कहाँ आश्रय लिएर बसेका छन् ।




# गहवामाईको सौन्दर्यीकरण तत्काल गरिने

## शिवलिङ्गको गरगहना उपलब्ध



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहको सक्रियतामा वीरगन्ज चिनीमिलस्थित पशुपतिनाथ मन्दिरको शिवलिङ्गको गरगहना विहीबार प्राप्त भएको छ ।
वीरगंज चिनी कारखानास्थित पशुपतिनाथ मन्दिर व्यवस्थापन समितिबाट प्राप्त चाँदीको मुकुट, मालासहित विभिन्न श्रृंङ्गारका सामान हस्तान्तरण गरिएको थियो ।
शिवलिङ्गलगायतका मूर्तिहरुमा लगाइने श्रृङ्गारका सामान तथा गहना आगामी सोमबार मूर्तिमा लगाइने जनाइएको छ । नगर प्रमुख सिंहको पहलमा मन्दिरको चलअचल सम्पत्ति खोजी भएसँगै चाँदीका मुकुटसहितका गरगहना प्राप्त भएको हो ।

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित गहवामाई मन्दिर मन्दिर परिसरको सौन्दर्यीकरण बिगारेको खानेपानी संस्थानले तत्काल मर्मत गर्ने भएको छ ।
वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले विहीबार बिहान आफैँ मन्दिर परिसर अवलोकन गर्दै बिग्रिएका संरचना तत्काल मर्मत गर्न खानेपानी संस्थान वीरगंजका प्रमुख निरण महर्जनलाई निर्देशन दिए ।
खानेपानी संस्थानले पानीको पाइप विस्तार गर्नेक्रममा मन्दिर परिसरमा सौन्दर्यीकरणका लागि लगाएको पेभर्स निकालेर जथाभाबी राखिदिएको थियो । मन्दिर सौन्दर्यीकरणका लागि आफूहरू लागिपरेको भन्दै नगरप्रमुख सिंहले खानेपानी संस्थानले महानगरसँग समन्वय नै नगरी खनिदिँदा सौन्दर्यीकरण बिग्रिएको बताए । संस्थानले पाइपलाइन विस्तारको काम गर्दा महानगरसँग समन्वय गरेर मात्रै गर्न पनि उनले आग्रह गरे ।
पानीको हाहाकार भएका बेला हतारमा काम गर्दा कमजोरी भएको स्वीकार्दै संस्थानका प्रमुख महर्जनले मर्मतको काम तत्काल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

# विद्युत् आपूर्तिमा ध्यान देऊः समाज

**मधेशदृष्टि**
**वीरगंज ।**
स्वतन्त्र मानव अधिकार समाज वीरगंजले अघोषित लोडसेडिङका कारण वीरगंजको जनजीवन प्रभावित भएको भन्दै विहीबार नेपाल विद्युत् प्राधिकरण वीरगंज वितरण केन्द्रका प्रमुखलाई भेटेर ध्यानाकर्षण पत्र बुझाएको छ ।
ध्यानाकर्षण पत्रमा मधेश प्रदेशको एक मात्र महानगरपालिकाको रुपमा रहेको वीरगंजमा प्रचण्ड गर्मीसँगै प्राधिकरणले अघोषितरुपमा दैनिक दर्जनौँपटक लाइन काट्दा सर्वसाधारणले लामो समयदेखि सास्ती खेप्दै आउँदासमेत प्राधिकरण समस्या समाधानमा नलागेको भन्दै आक्रोश व्यक्त गरिएको छ । अघोषित विद्युत् कटौतीको कारण जनजीवन प्रभावित हुँदा समेत उत्पन्न समस्या समाधानका लागि कतैबाट पहल नहुनु, सम्बन्धित निकायले ध्यान नदिनुजस्ता गैर जिम्मेवार कार्य भइरहेको ध्यानाकर्षण पत्रमा उल्लेख छ ।
अघोषित लोडसेडिङका कारण उत्पन्न समस्या समाधान नभए नगरवासीलाई साथमा लिएर विद्युत्को अनियमितताविरुद्ध शान्तिपूर्ण आन्दोलनमा उत्रने चेतावनीसमेत समाजले दिएको छ । समाजका अध्यक्ष कृष्णकुमार खनाल, महासचिव दीपक साह कानुको नेतृत्वमा गएको टोलीले प्राधिकरण प्रमुखलाई ध्यानाकर्षण पत्र बुझाएको हो ।

# ‘लेबलिङ’ले उद्योगी व्यवसायी ..........

गरेको बताए । विद्यमान जटिल समस्या र अन्यौलपूर्ण अवस्थाको शीघ्र निराकरण गर्न सम्बन्धित निकायमा संघले गम्भीर ध्यानाकर्षण गराएको छ । उद्योगी व्यवसाय क्षेत्रमा देखिएको समस्या समाधानका लागि नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठको नेतृत्वमा निजीक्षेत्रका एक टोलीले भन्सार विभागका महानिर्देशकसँग भेटघाट गरी समस्याबारे ध्यानाकर्षण गराए पनि समस्याको खासै समाधान हुन नसकेको उनीहरुको भनाइ छ ।
समस्या समाधान नभए कडा विरोधका कार्यक्रम अगाडि सार्ने उद्योगी व्यवसायीले चेतावनी दिए । पत्रकार सम्मेलनमा वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल कुमार अग्रवालले भारतीय गाडी नेपाल प्रवेश गर्दा चेकजाँचका नाममा दिइने दुःखले पनि पर्यटन क्षेत्र प्रभावित बनेको बताए । उनले नेपाली गाडी लिएर भारतको विभिन्न प्रान्तमा जाँदा कहिँकतै रोकटोक नहुने तर भारतीय गाडी नेपाल प्रवेश गर्दा शंकराचार्य गेटदेखि रजतजयन्ती चोकसम्म नपुग्दै आधा दर्जन स्थानमा चेकजाँचका नाममा दुःख पाउने कारण पनि पर्यटन क्षेत्र प्रभावित बनेको बताए ।
उनले भने, ‘उद्योगी व्यवसायीको टोली नेपाली नम्बरको गाडी लिएर भारतको तीनवटा प्रदेश चार दिनमा घुमेर आउँदा कहिँकतै रोकटोक गरेन, तर यहाँ सीमा क्षेत्र पार नगर्दै आधा किलोमिटर क्षेत्रमा आधा दर्जन चेकिङ सामना गर्नुपर्ने बाध्यताले भारतीय पर्यटक नेपाल आउन छाडेका छन् ।’ यसले पर्यटन क्षेत्र नराम्ररी प्रभाविन बनेको उनले बताए । ‘पर्यटन क्षेत्रको विकास गर्ने हो भने भारतीय पर्यटकलाई सम्मान गर्न सक्नुपर्छ, भारतीय पर्यटकप्रति हेर्ने दृष्टिकोण बदलिनुपर्छ,’ अध्यक्ष अग्रवालले भने, ‘चेकजाँचका नाममा, विभिन्न करका नाममा भारतीय नम्बरको गाडीबाट लिइने कर रोकिनुपर्छ ।’ ‘हामीलाई पर्यटक पनि चाहिन्छ, सरकार सहजीकरण पनि गर्दैन, कसरी पर्यटन क्षेत्रको विकास हुन्छ,’ अध्यक्ष अग्रवालले भने, ‘सरकारले गम्भीर चासो दिन जरुरी छ ।’
पत्रकार सम्मेलनमा मोरङ व्यापार संघका अध्यक्ष नवीन रिजाल, सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुर कुमार श्रेष्ठ, नेपालगंज उद्योग वाणिज्य संघका अध्यक्ष अब्दुल वाहिद मन्सुरी लगायतको उपस्थिति थियो ।

# मधेश काकाकुल हुँदा मधेशकै.........

देखिएको छैन । खानेपानी संस्थान वीरगंज कार्यालयका प्रमुख महर्जनले हाहाकारका समयमा तीव्रगतिमा धारा जडान गर्नु पर्नेमा दलालमार्फत पैसा पाएका व्यक्तिको मात्रै धारा जडान गरेको आरोप सर्वसाधारणको छ । अहिले नेपाल खानेपानी संस्थान वीरगंज कार्यालयमा दैनिक ९० भन्दा बढी नयाँ धारा जडानका लागि निवेदन जाने गरेको र निवेदन परेकामध्ये दैनिक २५ देखि ३० वटासम्म धारा जडान हुने गरेको खानेपानी संस्थान वीरगंजका लेखापाल रामचन्द्र सहनीले जानकारी दिए । तर, जडान हुने धाराका लागि कि त सोर्सफोर्स चाहिने कि त १० हजार रुपैयाँ भन्दा बढी अतिरिक्त रकम खर्च दिनु पर्ने बाध्यता सर्वसाधारणलाई छ । मधेशदृष्टिले विहीबार गरेको खोजमा पनि यो आरोप पुष्टि गर्ने प्रमाणहरु फेला परेका छन् ।
खानेपानी संस्थान वीरगंजसँग बजार क्षेत्रसँगै वीरगंज भन्सारदेखि लक्ष्मणवा हुँदै गण्डक र अलौ क्षेत्रसम्मका झण्डै ९ हजार भन्दा बढी ग्राहक आवद्ध छन् । नयाँ ग्राहकले पानी नआए पनि आँगनमा धारा जडान गर्न पर्दा घुस दिनु पर्ने अवस्था छ भने जिल्लाकै मन्त्रीले समेत चासो दिएका छैनन् ।
पर्साजस्तै मधेशभर पानीको अभाव हुँदा संघीय सरकारका खानेपानी मन्त्री महिन्द्रा राय यादवको मौनता पनि गजबको देखिन्छ । जनता समाजवादी पार्टीका प्रमुख सचेतक, पूर्वमन्त्री, युवा नेता प्रदीप यादवले प्रधानमन्त्री पुष्पकमल दाहाल भेटेर पर्सामा पानीको अभावबारे जानकारी गराउँदा प्रधानमन्त्री दाहालले समेत यो विषय जानकारी गराउँदा प्रतिवद्धतामा सीमित देखिए मन्त्री यादव । उनले मधेशमा पानीको अभावमा कहीँ कतैबाट स्रोत जुटाउन सकेनन् ।
राज्यको सञ्चित बजेटलाई रकमान्तर गरेर मधेशमा केही दिन पानी मात्रै वितरण गर्न सके पनि ठूलो राहत हुनेमा कर्मचारीले बजेट छैन भनेका भरमा विभागीय मन्त्री निरीह बनेर बसेपछि मधेशका जनताको उनीप्रति पनि ठूलो आक्रोश छ । सर्लाहीबाट निर्वाचित र गठबन्धनबाट मन्त्री बनेका यादवलाई मधेशमा पानी वितरणमा केही बजेट छुट्याउन समस्या नहुन सक्छ । तर, उनले पनि प्रदेश खानेपानी मन्त्री झैँ मौनता साँधेर जनताको दुःखमा नून नै छर्किएका छन् । पानीको प्यासमा छट्पटाइरहेको मधेश दुवै मन्त्रीसँग चरम असन्तुष्ट देखिएका छन् । मन्त्रीहरुले चाहे मधेशमा पानीको मूल फुटाउन त नपर्ला, ट्यांकरमा पानी वितरण गरेर जनताको दुःखमा जोडिने अवसर चैँ फेरि आउला र ?

# जिल्ला प्रशासन कार्यालय पर्साः २५ हजारमा टोकनविनै नागरिकता

**हरिशंकर शर्मा**
**वीरगंज ।**
जिल्ला प्रशासन कार्यालय पर्सामा जन्मको आधारमा वितरण भइरहेको नागरिकता बनाउने क्रममा खुलेयाम घुसको चलखेल हुने गरेको सेवाग्राहीले आरोप लगाएका छन् ।
नागरिकता बनाउन जिल्ला प्रशासन कार्यालयबाटै लिएको टोकनअनुसार आफ्नो पालो आएको दिन नागरिकता बनाउन जिल्ला प्रशासन पुग्ता लाइनमै बस्याको बस्यै गरेको तर बिचौलियाले टोकनविना नै एकै दिनमा नागरिकता बनाउन लगाइदिने गरेको सेवाग्राहीको आरोप छ । नयाँ नागरिकता बनाउन प्रशासन कार्यालय पर्साले एकदिनमा १ सयवटा टोकन वितरण गर्ने गरेको छ तर टोकनवालाले लाइनमै बस्दै गरेको अवस्थामा बिचौलियाले टोकनविना नै १५ हजारदेखि २५ हजार रुपैया लिएर नागरिकता बनाउन लगाइदिने गरेको बताए ।
जिल्ला प्रशासन कार्यालयमा एक दर्जन भन्दा बढी बिचौलिया छन् । उनीहरुले टोकन लिएका सेवाग्राहीलाई लाइनमा बसे नागरिकता लिन ढिलाइ हुने, नागरिकता नबन्न पनि सक्ने, सरजमिन काटिने जस्ता कुरा सुनाइ डरको वातावरण सृजना गरी २५ हजार रुपैया दिए तत्काल नागरिकता बन्ने भनेर पैसा असुली गरिरहेका छन् ।
जिल्ला प्रशासन कार्यालय बाहिर छेउछाउँमा रहेका पसलमा पैसाको बार्गेनिङ हुने गरेको छ । लाइनमा बसेर दिन मात्रै बवन्ने तर पैसा दिए तत्काल नागरिकता बन्ने भनेपछि आवश्यक सेवाग्राहीले बिचौलियामार्फत पैसा दिएर टोकनविनै नागरिकता लिने गरेका छन् ।
बिचौलियाले १५ देखि २० हजार रुपैयाँ प्रशासनका कर्मचारीलाई दिनुपर्ने भन्दै २५ हजार रुपैयासम्म असुली रहेको सेवाग्राहीको गुनासो छ ।
पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले आफ्न्त हो भनेर आएपछि काम गरिदिने गरेको तर पैसा लिएर नागरिकता बनाउन आएको हो भन्ने पहिचान गर्न नसकिने बताए । उनले भने ‘केही पत्रकार, समाजसेवी, राजनीतिक दलका नेता कार्यकर्ता साथीहरु आउँछन्, आफ्नै मान्छे हो, आफन्त हो, एकदम जरुरी छ भन्छन्, कुरा काट्न सकिँदैन, त्यस्ता व्यक्तिहरुको टोकन अगावै एकदुई वटा सिफारिस गरिदिने गरेका छौँ तर उहाँहरुले पैसा लिनु भएछ, कि छैन आफू कसरी पहिचान गर्ने ?’ उनले कोही बिचौलियाले पैसा लिएर नागरिकता बनाइरहेका छन् भन्ने सूचना दिए तत्काल कारबाही गरिने बताए ।
यता जिल्ला प्रशासन कार्यालय पर्साका प्रशासकीय अधिकृत विनय श्रीवास्तवले गर्भवती, अपाङ्ग तथा अत्यावश्यक विद्यार्थीहरुको नागरिकता टोकन अगावै बनाइदिने गरेको बताए । हालसम्म जिल्ला प्रशासन कार्यालय पर्साबाट २ हजार ७ सयको हाराहारीमा नागरिकता वितरण गरिएको छ ।

## आठ हजार बढी हतियार नष्ट

**मधेशदृष्टि**
**वीरगंज ।**
विभिन्न मिति तथा स्थानबाट बरामद भएको ८ हजार भन्दा बढी हातहतियार नष्ट गरिएको छ ।
प्रहरी अतिरिक्त महानिरीक्षक मिरा चौधरी, गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रण कार्यालय एवम् स्थानीय जनप्रतिनिधिहरुको रोहबरमा काठमाडौं महानगरपालिका–११ स्थित नेपाल प्रहरी केन्द्रीय विशेष कार्यदल कपन परिसरमा हातहतियार नष्ट गरिएको नेपाल प्रहरी प्रधान कार्यालय काठमाडौंले जनाएको छ ।
विभिन्न मिति र स्थानबाट कानून बमोजिम जफत भएका, प्राप्त हुन आएका, बरामद भएका वा वेवारिसे भरुवा बन्दुक ६ हजार ७४ थान, बाह्र बोर १ सय ७७ थान, विभिन्न प्रकारका पेस्तोल १ हजार ७६ थान, म्याग्रम २ सय ३२ थान, एयर गन २९ थान, सर्ट गन २ सय २९ थान, थ्रीनटथ्री राइफल ६ सय २६ थान, रिभल्भर ३ सय ३४ थान, ग्यास गन १० थान, हर्नेट २५ थान र नाम नखुलेको ८४ थान गरी जम्मा ८ हजार ८ सय ९६ थान हातहतियार कानूनी प्रक्रिया पुरा गरि नष्ट गरिएको प्रहरीले जनाएको हो ।

# ५५ लाखका ट्रक र सामान बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्साले बिलबिजक भन्दा बढीको विद्युतीय सामान तथा खुद्रा सामान बोकेको मालबाहक ट्रक नियन्त्रणमा लिएको छ ।
वीरगंजबाट चितवन जाँदै गरेको ना ३ ख ५६७१ नम्बरको मालबाहक ट्रकलाई जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको गस्ती टोलीले वीरगंज महानगरपालिका वडा नम्बर १४ गण्डक चोकबाट नियन्त्रणमा लिएका हो ।
ट्रक चेकजाँचक्रममा बिलबिजक भन्दा बढी मालबस्तु लोड रहेको पाइएको र बिलबिजक पनि शंकास्पद देखिएकाले नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायव उपरीक्षक दीपक गिरीले जानकारी दिए ।
नियन्त्रणमा लिएको ट्रक र सामानसहितको मूल्य ५५ लाख ८५ हजार ५ सय ८१ रुपैयाँ बराबरको मूल्यांकन गरी ट्रक र ट्रकमा लोड सामान थप कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको प्रहरी नायव उपरीक्षक गिरीले बताए ।

# यातायात राजस्वमा कमी

**मधेशदृष्टि**
**वीरगंज ।**
यातायात व्यवस्था कार्यालय वीरगंजको राजस्व संकलनमा कमी आएको छ ।
कार्यालयको लाइसेन्स शाखाको राजस्व संकलनमा कमी आएको हो ।
लाइसेन्स शाखाले आव २०७९/८० मा १५ करोड ८३ लाख ६० हजार ६ सय ४ रुपैयाँ राजस्व संकलन गरेको छ ।
आर्थिक वर्ष २०७८/७९ मा शाखाले १७ करोड १६ लाख ८१ हजार ७ सय ११ रुपैयाँ राजस्व संकलन गरेको थियो । एक करोड ३३ लाख २१ हजार १ सय ७ रुपैयाँ राजस्व कमी आउनुमा कार्यालयमा सेवाग्राही कमी रहेको सूचना अधिकारी रामअयोध्या रामले जानकारी दिए ।

# पालिकापिच्छे थरिथरीका वर्षे बिदा

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको स्थानीय तहले सामुदायिक विद्यालयमा दिएको वर्षे (गर्मी) बिदामा समय फरक परेको छ ।
सामुदायिक विद्यालयमा वर्षे बिदा तथा अन्य क्रियाकलाप सञ्चालनमा समय फरक देखिएको हो । सरकारले प्रत्येक शैक्षिक सत्रमा वर्षे बिदा शीर्षकमा ४५ दिन बिदा तोकेको छ ।
पर्साको जिराभवानी गाँउपालिकाले साउन १ गतेदेखि २० दिनका लागि वर्षे बिदा दिएको छ । जगरनाथपुर गाँउपालिकाले साउन २ गतेदेखि लागू हुने गरी बिदा दिएको छ ।
जगरनाथपुर गाँउपालिकाले विद्यालय साउन २४ गतेसम्म बिदा दिएको छ ।
छिपहरमाई गाँउपालिकाले साउन ७ गतेदेखि वर्षे बिदा तोकेको छ । ठोरी गाउँपालिकाले साउन १२ गते शुक्रबार कक्षा सञ्चालन गरी १५ दिन बिदा दिने भएको छ ।
पटेर्वासुगौली गाँउपालिकाले साउन ८ गतेदेखि वर्षे बिदा दिइसकेको छ । विद्यालय भदौ ३ गते सञ्चालन हुनेछ ।
सखुवाप्रसौनी गाँउपालिकाले साउन ९ गतेदेखि वर्षे बिदा दिएको छ ।
विद्यालय साउन २८ गतेदेखि सञ्चालनमा आउने छ ।
पर्सागढी नगरपालिकाका वर्षे बिदा दिएको छैन ।

# निमाावि तहको अध्यापन अनुमति पत्र खुला

**मधेशदृष्टि**
**वीरगंज ।**
शिक्षक सेवा आयोगले निम्न माध्यमिक तहको अध्यापन अनुमति पत्र (लाइसेन्स) को विज्ञापन खुलाएको छ । कक्षा १२ उत्तीर्ण नेपाली नागरिकले दरखास्त दिन सकिने आयोगले जनाएको छ । शिक्षक सेवा आयोगको साउन १० गतेको निर्णयअनुसार विहीबारदेखि आवदेन दिन सकिने छ ।
आयोगका अनुसार भदौ ८ गतेसम्म तोकिएको दस्तुर तिरेर दरखास्त दिन सकिने र दोब्बर दस्तुर तिरेर भदौ १५ गतेसम्म दिन सकिने आयोगले जनाएको छ । आवेदन अनलाइनबाट दिन सकिने आयोगले जनाएको छ ।

# एमाले प्रदेश अधिवेशन तय

**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एमालेले पार्टीको प्रदेश कमिटी अधिवेशनको मिति तोकेको छ । एमालेले गण्डकीबाहेक सबै प्रदेश कमिटीको बैठकले आआफ्ना प्रदेशको अधिवेशन तोकेका जनाएको छ । कोशी प्रदेशको अधिवेशन असोज १२ र १३ गते विराटनगरमा, मधेश प्रदेशको असोज ५ र ६ गते जनकपुरमा, बागमतीको असोज ८ र ९ गते काठमाडौँमा हुनेछ । यसैगरी, लुम्बिनीको भदौ १६ र १७ गते बुटवलमा, कर्णालीको भदौ २९ र ३० गते सुर्खेतमा र सुदूरपश्चिम प्रदेशको भदौ २२ र २३ गते धनगढीमा अधिवेशनको लागि मिति तय भएको छ । गण्डकी प्रदेशले साउन २२ गते बस्ने बैठकले अधिवेशन तोक्नेछ । पार्टी सदस्यता नवीकरणको काम साउन १५ गतेसम्म अद्यावधिक गरी प्रमाणीकरण गरिसक्ने एमालेले जनाएको छ ।

# बन्दको निर्णयमा आजपाको समर्थन

**सञ्जय मिश्रा**
**रौतहट ।**
गौर हत्याकाण्डका पीडित संघर्ष समितिले साउन १५ गतेदेखि अनिश्चितकालीन रौतहट बन्द गर्ने निर्णय गरेको छ ।
कटहरियास्थित तराई मधेश सहिद स्मृति प्रतिष्ठानमा विहीबार बसेको संघर्ष समितिको बैठकले गौर हत्याकान्डका पीडितलाई न्याय दिलाउन १३ गते पीडित परिवार न्यायका लागि अनशन बस्ने, १४ गते मोटरसाइकल र्याली र १५ गतेदेखि अनिश्चितकालीन बन्दको निर्णय गरेको संयोजक रुपसागर देवीले बताइन् ।
पूर्व मन्त्री प्रभू साह नेतृत्वको आम जनता पार्टीको जिल्ला कार्य समितिको बैठकले पनि गौर हत्याकाण्डका परिवारलाई समर्थन गर्ने निर्णय गरेको थियो ।
हत्याकाण्डका अपराधीलाई कानुनी कठघरामा ल्याउन निरन्तर सरकारलाई ध्यानार्षण गराउँदासमेत कुनै सुनुवाई नभएको भन्दै पीडित संघर्ष समितिले खबरदारी र्याली र जिल्ला बन्द गर्ने निर्णयमा पुगेको आजपा अध्यक्ष साहको स्वकीय सचिव विजय यादव निर्विजले बताए ।
पीडितले जाहेरी दर्ता गराएको डेढ दशक भन्दा बढी हुन लाग्दासमेत प्रहरी प्रशासनले राजनीतिक शक्तिका आडमा मुद्दालाई ओझेलमा पारेको भन्दै संघर्ष समितिका संयोजक रुपसागर देवीले आक्रोश व्यक्त गरिन् ।
२०६३ चैत ७ गते दिउँसो १ बजे उपेन्द्र यादव नेतृत्वको तत्कालीन मधेशी जनअधिकार फोरमका कार्यकर्ताहरुले २८ जना माओवादी निर्दोष कार्यकर्ताको निर्मम हत्या गरेका थिए । उपेन्द्र यादवको नेतृत्वमा भएको घटनामा परी २७ जनाको घटनास्थलमै र १ जनाको उपचारक्रममा मृत्यु भएको थियो ।
गौर हत्याकाण्ड भएको भोलिपल्ट नै तत्कालीन गृहमन्त्री कृष्णप्रसाद सिटौला, सञ्चारमन्त्री कृष्णबहादुर महरा र संयुक्त राष्ट्र संघीय मिसन (अनमिन)का प्रतिनिधि पनि घटनास्थल पुगेका थिए ।
घटनाको वास्वविक तथ्य पता लगाउन नेपाल सरकारले तत्कालीन पुनरावेदन अदालतका न्यायाधीश हरिप्रसाद शर्माको संयोजकत्वमा गठन गरेको छानबिन आयोगले बुझाएको प्रतिवेदन र राष्ट्रिय मानवअधिकार आयोगसमेतको प्रतिवेदनले समेत घटनालाई राजनीतिक झडप नभई जघन्य एवम् अमानवीय अपराध गरेको निष्कर्ष निकालेको थियो ।
गौर हत्याकाण्डका पीडित संघर्ष समितिद्वारा रौतहटका प्रमुख जिल्ला अधिकारीलाई साउन १ गते बुझाइएको ज्ञापनपत्रमा संघर्षका विभिन्न कार्यक्रमसहित साउन १५ गतेदेखि अनिश्चितकालीन बन्द घोषणा गरिएको छ ।

# वीरगंजमै आइभिएफ माध्यमबाट सन्तान जन्माउने सुविधा




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको सूर्या अस्पताल अन्तर्गतको सूर्या आइभिएफ सेन्टरमा कृत्रिम गर्भाधानमार्फत उपचार गराएकी महिलाले छोरालाई जन्म दिएकी छन् । लामो समयदेखि सन्तान प्राप्तिका लागि सङ्घर्ष गरिरहेका वीरगंज निवासी एक दम्पतीले सूर्य आइभिएफ सेन्टरमा उपचार गराएपछि सन्तानका रूपमा छोरालाई जन्म दिएका हुन् ।
नेपालको सङ्घीय राजधानी काठमाडौँदेखि भारतस्थित बिहार राज्यको केन्द्र पटना र मोतिहारीसम्म उपचार गराए पनि गर्भवती नभएकी अपर्णा सूर्या आइभिएफ सेन्टरमा ‘आइभिएफ (इन–भिट्रो फर्टिलाइजेसन)’ प्रविधिबाट उपचार गराएपछि गर्भवती भएकी थिइन् ।
झन्डै ११ महिना अगाडि अस्पतालकी वरिष्ठ स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. मोनिका यादव सिंहले चिकित्सकीय सहायक प्रजनन प्रविधिमार्फत उपचार सुरु गरेपछि पहिलो प्रयासमै अपर्णा ९ महिनाअघि गर्भवती भएको उनकी पतिले बताए ।
सूर्या अस्पतालका अनुसार मधेश प्रदेशमै पहिलो पटक आइभिएफ प्रविधिबाट उपचार गराएर बच्चा जन्मिएको यो पहिलो घटना भएको डा. सिंहले दाबी गरिन् । हाल अस्पतालमा ३० महिलाको आइभिएफ प्रविधिबाट उपचार चलिरहेको बताउदै भारतको नयाँ दिल्ली र काठमाडौँमा गएर गरिने उपचार अब वीरगंजमै सम्भव भएको डा. सिंहले जानकारी दिइन् ।

# दिनदहाडै बैंक लुट्नेमध्ये एक लुटेरा पक्राउ





**मधेशदृष्टि**
**जलेश्वर ।**
घटनाको झण्डै दुई महिना पश्चात एनएमबी बैंक लुट्ने समूहका एकजनालाई महोतरी प्रहरीले पक्राउ गर्न सफल भएको छ । पक्राउ पर्नेमा भारत बिहार राज्य जिल्ला मधुवनी पोष्ट फुलहर टोल गोपालपुर १३ हरलाखी टोलका २० वर्षीय अजय कुमार रहेको छ ।
बुधबार महोत्तरीको मटिहानी नगरपालिका ८ बाट उनलाई पक्राउ गर्न सफल भएको महोत्तरीका प्रहरी प्रवक्ता डिएसपी दिलीपकुमार गिरीले जानकारी दिए ।उनका अनुसार पक्राउ परेका अजय माथि हातहतियार र चोरी डाकाँ शिर्षकमा मुद्दा दर्ता गरी जिल्ला अदालत महोत्तरीबाट हिरासतमा राख्ने सात दिनको म्याद लिइ अनुसन्धान गरिरहेको छ ।
महोत्तरी गाउँपालिका २ स्थित रहेको एनएमबी बैंकको शाखामा १६ जेठमा दिउँसै ४/५ को हतियारधारी समूहले कर्मचारी तथा सेवाग्राहीलाई हतियार देखाएर १५ लाख १ हजार ४९३ रुपैयाँ तथा कर्मचारीका मोबाइल लुटेका थिए ।
नम्बर उल्लेख नभएको दुईवटा मोटरसाइकलमा चढेर आएका उनीहरु बैंक लुटेर फरार भएका थिए । सुरुमा ३८ लाख रुपैयाँ लुटेको कर्मचारीले भनेपनि पछि रुजु गर्दा १५ लाख १ हजार ४९३ रुपैयाँ मात्र लुटेको पुष्टि भएको थियो ।

# तीस हेक्टर वनमा रहेको अतिक्रमण हटाइयो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
डिभिजन वन कार्यालय धनुषाले वन क्षेत्रमा अवैधरुपमा अतिक्रमण गरेको घर टहराहरु हटाएको छ । डिभिजन वन प्रमुख बेचन चौधरीको अगुवाइमा धनुषाको राष्ट्रिय वन क्षेत्रका करिब ३० हेक्टर क्षेत्रफलमा गरिएको अतिक्रमण हटाएका छन् ।
अतिक्रमीत गरिएका धनुषाको मिथिला नगरपालिका वडा नं. ११ मा रहेको सुन्दरी सामुदायिक वनको करिब १० हेक्टर क्षेत्रफलको वनलाई खाली गराएर सो ठाउँमा व्यक्तिले लगाइएको मकै सहितको अन्य बालीहरू नष्ट गरि वृक्षारोपण गर्ने काम भएको डिभिजन वन प्रमुख चौधरीले जानकारी दिएका छन् ।
अतिक्रमण मुक्त भएको वन क्षेत्रमा वनमा आधारित जातका वृक्षहरू लगाउने काम भएको छ । यसैगरि धनुषाको गणेशमान चारनाथ नगरपालिकाको वडा नं. ६ का पञ्चपौरी सातपतरेको १७ हेक्टर अतिक्रमित बनक्षेत्रलाई



अतिक्रमणमुक्त गर्ने काम भएको छ ।
वन क्षेत्रको अतिक्रमण खाली गराएर सो ठाउँमा विभिन्न जातको जङ्गली बिरुवा लगाउनुका साथै तारवार गरिने काम भएको छ । वर्षा नभएका कारणले बिरुवाको संरक्षणमा समस्या रहेको वन अधिकृत चौधरीले जानकारी दिएका छन् । वन क्षेत्र खाली गराउने क्रममा उल्लेख्य संख्यामा वन रक्षक परिचालन गर्नुका साथै धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दहालसंग समन्वय गरेर थप सुरक्षा मद्दत माग गरिइएको कारणले कुनै प्रकारको अप्रिय घटना नभएको जानकारी वन अधिकृतले दिनु भएको छ । वन क्षेत्रमा सिन्धुली, पोखरा तथा रामेछापसम्मका मान्छेहरू आएर बसोबास गर्दै आएका थिए । वन क्षेत्रमा बढेको अतिक्रमण तथा चुरे विनाशका कारणले तराई मधेशको चापाकल तथा पम्पीसेटहरु सुक्न थालेको छ । वर्षा नभएर अहिले खेती हुन सकेको छैन । वनको संरक्षण तथा चुरेको विनाशका लागि आफूहरूको अभियान निरन्तर रुपमा जारी रहने जिल्ला वन अधिकृत बेचन चौधरीले दिनु भएको छ । गलत नियतले वन क्षेत्र अतिक्रमण गर्ने काम हुने गरेको छ ।

# लेनदेन संघर्ष समितिका सहसचिव पक्राउ



**मधेशदृष्टि**
**जलेश्वर ।**
लेनदेन संघर्ष समिति महोत्तरीका सहसचिवलाई महोत्तरी प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा महोत्तरीको भंगहा नगरपालिका ६ हतिसर्वाका साहु रघुवीर साहका छोरा ईन्द्रजीत साह छन् ।
उनलाई जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट पक्राउ गरेको महोत्तरीका प्रवक्ता डिएसपी दिलीपकुमार गिरीले जानकारी दिए । जिल्ला प्रशासन कार्यालय महोत्तरीमा अनुचित लेनदेन कार्यदलले गरिरहेको छलफलमा विवाद गर्न खोजेपछि उनलाई प्रहरीले पक्राउ गरेको हो ।
छलफलमा बसेका एक प्रत्यक्षदर्शीका अनुसार मूलधनको ६ गुणासम्मको तमसुक बनाएको र दिएकै रकम अनुसारको तमसुक रहेकाले सोही बमोजिम ऋणीबाट अशुल गर्ने अडान राखेपछि विवाद भएको थियो । त्यसपछि उनलाई प्रहरीले पक्राउ गरेको हो ।
डिएसपी गिरीका अनुसार बिहिबार पुनः जिल्ला प्रशासनमा छलफल हुने उनले बताए । जिल्ला प्रशासन कार्यालयमा उनी र उनका बुबाविरुद्ध करिब २० वटा मिटरब्याज सम्बन्धि उजुरी परेको छ ।

# सार्थक व्यक्तित्व निर्माणका लागि शिक्षाः उपप्रधानमन्त्री

**रासस**
**महोत्तरी ।**
उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सार्थक व्यक्तित्व निर्माणका लागि शिक्षा अपरिहार्य भएको बताएका छन् ।
बिहिबार महोत्तरीको बर्दिवास–३ गौरीडाँडास्थित जनता माध्यमिक विद्यालयले आयोजना गरेको तीन दिने शिक्षा सम्मेलनको उद्घाटन गर्दै उनले शिक्षाले जीविकोपार्जन मात्र नभएर मुख्यतः मानिस हुनुमा जीवनको महत्त्वबारे सुशिक्षित गराउन पर्ने आवश्यकता औँल्याए ।
पछिल्लो कालमा प्राविधिक धारको व्यावसायिक शिक्षामा जोड दिइँदै आएको ठीक भए पनि हाम्रो शिक्षाले विवेक, मानवीय मूल्य मान्यता र मान्छे हुनुको दायित्व बोध गराउनैपर्ने मन्त्री श्रेष्ठको भनाइ छ । जीविकोपार्जनमा मात्र जोड दिइयो र प्राविधिक शिक्षा



पाएकाहरूले पैसाका लागि मात्र काम गर्न थाले भने मुलुकले चाहेको सुशासन फलित हुन नसक्ने उनको भनाइ थियो ।
'हाम्रो आवश्यकता मुलुकको समृद्धि हो, यसका लागि विकास र सुशासन अपरिहार्य छन्', उनले भने, 'यी कुरा अघि बढाउन इमानको मान्छे चाहिन्छ, हाम्रो शिक्षाले त्यो इमान दिनप¥यो ।'
फरक प्रसङ्गमा उपप्रधानमन्त्री श्रेष्ठले मुलकका जनतालाई सुशासनको अनुभूति दिन भ्रष्टाचार विरुद्धको अभियानलाई अझ सशक्त ढङ्गले अघि बढाइने प्रतिबद्धता जनाए ।
विद्यालयले आगामी १० वर्षे शिक्षाको प्रारूप, पठनपाठन व्यवस्थापन र व्यावसायिक शिक्षालाई प्रवर्द्धन गर्ने हेतुले तीन दिने सम्मेलन आयोजन गरिएको प्रधानाध्यापक दीपकराज बरालले जानकारी दिए । मुलुकका ख्याति प्राप्त शिक्षाविद्हरूलाई सहभागी गराई विद्यालयको सेवा क्षेत्रका, आमा समूहका अगुवा, अभिभावक र शिक्षकलाई विभिन्न समूहमा छलफल गराई सुझाव लिने मुख्य ध्येय रहेको प्रअ बरालको भनाइ छ ।
सम्मेलनको उद्घाटन सत्रमा शिक्षाविद्हरू डा बलराम तिमल्सिना, पूर्ण दवाडी र समाजशास्त्री विमल फुँयालसहितका विज्ञले तीन दिन छलफल गरिने विषयबारे जानकारी दिए । सामुदायिक विद्यालयले शैक्षिक सम्मेलन नै आयोजन गरेर असल प्रयत्न अघि बढाएको यो सकारात्मक कदम भएको शिक्षाप्रेमीहरूको टिप्पणी छ ।

# ठक्करबाट बालिकाको मृत्यु



**मधेशदृष्टि**
**मलंगवा ।**
सर्लाहीको जिंगडवामा मोटरसाइकलको ठक्करबाट एक बालिकाको मृत्यु भएको छ ।
पर्सा गाउँपालिका–४, जिंगडवामा नम्वर खुल्न नसकेको मोटरसाइकलले गाउँको भित्री सडकमा ठक्कर दिँदा स्थानीय हरिवीरेन्द्र पासवानकी छोरी ८ वर्षीया मनिषा कुमारी पासवानको मृत्यु भएको हो ।बाख्रा चराउन हिँडेकी मनिषालाई मोटरसाइकलले ठक्कर दिई गम्भीर घाइते बनाएपछि उपचारका लागि स्थानीय क्लिनिकमा पुर्याउँदा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ । मोटरसाइकलको ठक्करबाट अर्की ८ वर्षिया बालिका चुनचुन पासवान सामान्य घाइते भएकी छन् ।
दुर्घटना बुधबार बिहानकै रहेपनि मोटरसाईकल चालक पक्राउ हुन नसकेको र मोटरसाइकलको खोजी जारी रहेको सर्लाही प्रहरीले जानकारि दिएको छ ।

# संरचना हटाउने निर्णयविरुद्ध प्रजिअ थापालाई ज्ञापन

**मधेशदृष्टि**
**राजविराज ।**
हटियाको संरचना हटाउने निर्णय विरुद्ध राजविराज हटियाबासीले बिहिवार प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापालाई ज्ञापनपत्र बुझाएका छ्न ।
संतोष प्रसाद साहको नेतृत्वमा गएको टोलीले राजविराज नगरपालिकाले एकतर्फी हटियाको संरचना हटाउने निर्णयले आफुहरु मारमा परेकोले उचित छानविन गरि व्यवस्थापन गर्न सिडिओ थापासंग माग गरे । ज्ञापनपत्र बुझ्दै प्रजिअ थापाले बजारबासीले उठाएका जायज माग सम्बोधन गर्ने आश्वासन दिए । उनले कानुन अनुसार बनेका संरचनाहरुलाई नहटाईने बताए । अबैध रुपमा बजारको जग्गा अतिक्रमण गरि बनेका संरचनाहरु हटाउने बताउदै उनले अतिक्रमण नगरेकालाई केहि नगर्ने उनले प्रतिवद्धता जनाए । ज्ञापनपत्र बुझाउदै पुर्व वडा अध्यक्ष एवम् स्थानीयबासी विन्देशर प्रसाद साहले आफुहरुले २०४४ सालदेखि हकभोग गर्दै आएको जग्गामा निर्माण गरिएको संरचनालाई अतिक्रमण भएको भन्न नमिल्ने बताए ।
हामीले कानुन बमोजिम हटियाको जग्गा भोगचलन गर्दै आएको छौँ, उनले भने, नगरपालिकाले सूचनासम्म जारी नगरी जग्गाखाली गर्न दुई दिनको समय दिनु अव्यावहारिक छ । हामी यस्तो निर्णयलाई मान्दैनौं , उनले छलफल तथा समवन्य नगरी ७ नम्बर वडा कार्यालयले बिहिवार सूचना प्रकाशित गरि दुईदिन भित्र हटियाको प्लट अगाडि रहेको १० फिटे संरचना हटाउने सूचना गरेको भन्दै गुनासो गरे ।हटिया बासीले बुझाएको ज्ञापनपत्रमा नगरपालिकाले स–शुल्क दिने निर्णय अनुसार जग्गा उपयोग गर्दै आएको दाबी



गरिएको छ ।
विक्रम सम्बत १९९९ सालमा राजविराज बजारको बसोबास तथा स्थापना भएको थियो, त्यस बेला ६० विगाहाको प्लटमा भारतको जयपुर शहरको नक्शा अनुरुप प्लटिङ गरि इच्छुक व्यक्तिलाई उक्त प्लट वितरण गरिएको थियो, ज्ञापनपत्रमा भनिएको छ, टाउन प्लटिङ गर्दा त्यस बखतको नाप नक्सा अनुसार हटियाको प्लट सबैभन्दा सानो हुन गयो त्यसकारण २०४४ सालमा तत्कालीन नगर पन्चायतको नगरसभाबाट हटिया प्लट अगाडिको १० फिट जग्गा हटियाबासीलाई स–शुल्क दिने निर्णय अनुरुप सो जग्गाको कर तिर्दै हामी उपयोग गर्दै आईरहेकाछौं । त्यसकारण हामीले नगरपालिकाको कुनै जग्गा अतिक्रमण नगरेको जानकारी गराउन चाहान्छौ । राजविराज नगरपालिकाले आफैंले जग्गा अतिक्रमण गरि बनाएको अबैध संरचना हटाउन हटियाबासीले ज्ञापनपत्र मार्फत जोडदार माग गरेको छन ।
टाउन प्लानिङ्ग गरि बनाएको त्यस बखतको हटियाको चारैतिरको जग्गा वितरण गरिएको थियो भने प्लटहरुको विचको जग्गा खाली मैदान भनी त्यस बखतको नक्शामा उल्लेख छ, ज्ञापनपत्रमा भनिएको छ, त्यस खाली मैदानमा खुल्ला हाट बजार लाग्ने गरेको अबस्थामा ५–६ बर्ष अगाडि राजविराज नगरपालिकाले स्थानीय सरोकारवालाहरुसंग कुनै समवन्य नगरी एकतर्फी हचुवा तरिकाले उक्त खाली मैदानमा ३ सय सटर भएको अबैध संरचना निर्माण गरिएको छ, ज्ञापनपत्रमा अगाडि भनिएको छ, तीन हजार ढकिया चट्टी अटाउने साना व्यापारीलाई विस्थापित गरेर बिना शौचालयको ३ सय सटर निर्माण गर्दा राजविराज नगरपालिकाले आफैंले सार्वजनिक बाटोघाटो मिचेर नक्शा पास नगरी बनाएको संरचनालाई हामी अबैध मान्दछौ, यो संरचना वातावरण मैत्री समेत नरहेको जानकारी गराउदै उक्त अबैध संरचना हटाउन माग गर्दछौं ।
ज्ञापनपत्रमा हटिया बासीलाई कुनै जानकारी नदिई एक्कासि दुईदिने अल्टिमेटमसहित वडा कार्यालयले सूचना जारी गरेको भन्दै घोर आपत्ति जनाएको छ ।
बुधबार राजविराज वार्ड नम्बर ७ वडा कार्यालयले सूचना प्रकाशित गरि दुई दिन भित्र हटिया प्लट अगाडि रहेको दशफिटे संरचना हटाउन सूचना जारी गरेको छ, तसर्थ हटिया बजार भित्रका प्लटहरु सम्बन्धित निकायसंग उक्त विषयमा उचित छानबिन गरि व्यवस्थापन गरिदिनहुन आग्रह गर्दछौं ।राजविराज नगरपालिकाका कार्यबाहक प्रमुख इसरत परविन नेतृत्वको टोलीले बुधबार हटिया बजार क्षेत्र लगायतमा बनाएको अतिक्रमीत संरचनाहरुको स्थलगत निरीक्षण गरि हटाउन आग्रह गरेका थिए ।

# करेन्ट लागेर युवकको मृत्यु

**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीमा करेन्ट लागेर एक युवकको मृत्यु भएको छ । जिल्लाको अग्नीसाईर कृष्णासवरण गाउँपालिका ४ बनौलीमा बुधबार राती करेन्ट लागेर एक युवकको मृत्यु भएको हो । मोटर चलाएर खेतमा पानी हाल्ने क्रममा बुधबार साँझ स्थानीय २५ बर्षीय मुकेश कुमार यादवको करेन्ट लागेर मृत्यु भएको छ । करेन्ट लागेका युवकलाई तत्काले राजविराज ल्याएपनि उपचारको क्रममा अस्पतालमै मृत्यु भएको सप्तरीका प्रहरी प्रबक्ता डिएसपी नरेश कुमार सिंहले जानकारी दिए । यसभन्दा पहिले पनि मोटरकै प्रयोग गरेर धानबालीमा पानी हाल्ने क्रममा सोमबार राति राजगढ गाउँपालिका वडा नम्बर ६ बस्ने ३५ बर्षीय उमेश मण्डलको करेन्ट लागेर मृत्यु भएको थियो ।

कुनैपनि काम सुरुवात गर्नका लागि
महान हुनु जरुरी छैन ।
तर, महान हुनका लागि
सुरुवातको जरुरत छ । – चाणक्य

## सम्पादकीय

# सुक्खा मधेशमा अपुरो सरकार

मधेशमा पानीको हाहाकारको ठूलो समाचार शृंखला पस्किएका छौँ । पस्किरहेका छौँ । बिहानै उठेर पानीको धारा र कुवा खेज्दै लाइन बस्नु पर्ने बाध्यताबाट मधेशले मुक्ति पाएको छैन । एकातिर तातो मौसम । अर्कातिर विद्युत् सेवा अवरुद्ध । अनि पानीका स्रोत सुकेर समस्या । यो कष्टकर मधेशको दृश्यले पक्कै जनतामा आक्रोश छ, पीडा छ । अभाव छ । पानी आधारभूत आवश्यकतामा परे पनि स्थानीय सरकारले व्यवस्था गर्न सकेको छैन । प्रदेश सरकारले ज्ञापनपत्र मात्रै बुझेको छ । बोलेको छैन । केन्द्र सरकारले ज्ञापन पत्र बुझेर बोलेको छ तर पानी उपलब्ध गर्छु भन्न सकेको छैन । यस्तो अवस्थामा सुक्खा मधेशको पीडा लेख्ने, बोल्ने, भोग्ने सबै वर्ग र समुदाय समस्या खेपिरहेका छन् । पानीको प्यासले छट्पटिएको मधेश प्रदेशमा लम्पी स्किनको समस्या र समयमा रोपाइँ नहुनुको पीडासँगै यो वर्ष भारतबाट चामल नआउने घोषणाले साँच्चै कात्तिक मंसिरतिर देशको दृश्य कस्तो हुन्छ होला भन्नेबारे धेरै सोचेको भने पाइन्न । संसदमा पनि मधेशलाई सुक्खा घोषणा माग भइसकेको छ ।

नेपाली कांग्रेसको केन्द्रीय समिति बैठकमा पनि मधेशलाई सुक्खा क्षेत्र घोषणा गर्न माग भएको छ । नेपाली कांग्रेसले मधेशको पीडालाई बैठकमा सम्बोधनको प्रयास गरेको छ । जनता समाजवादी पार्टीका प्रमुख सचेतक प्रदीपकुमार यादवले पनि मधेशलाई सुक्खा घोषणा गर्न माग गरे । उनले सरकारले मधेशमा पानीका लागि बजेट उपलब्ध गराउन नसकेको विषय उठाए । यति मात्र होइन, सरकारसँग सञ्चित विपत्तिमा सहयोग गर्ने बजेटलाई पनि मधेशको सुक्खा क्षेत्रमा पानी व्यवस्थापनका लागि रकमान्तर गर्न माग गरे । साँच्चै मधेश प्रदेशमा देखिएको सुक्खापन यतिखेर राष्ट्रिय समस्या बनेको छ । यो समस्या समाधानमा देश र प्रदेश सरकारको निरीहता अरु राष्ट्रिय रुपमा उदांगिएको छ । ६१ लाख जनसंख्या सुक्खा प्रदेशमा कहर भोगिरहेका छन् । यो कहर र कष्टबाट मधेशलाई मुक्त गर्न विकल्पहरु खोजी गर्न ढिलाइ भइरहेको छ । पानीको स्रोत गहिरिँदै गएको छ । पानी अलप हुँदा समथर भूभाग पनि बालुवामा सीमित भइरहेको छ । यो समस्या हेर्दा सामान्य देखिए पनि प्रकृति नै विरुप ढंगमा उभिएको अवस्था छ । यसले सिंगो प्रदेशलाई मरुभूमिकरणको दिशामा लगिरहेको छ ।

मधेश सरकारले पनि मधेशमा पानीको हाहाकारबारे खास कार्यक्रम ल्याउन सकेको छैन । सरकार विस्तारको हावा मात्रै चलिरहेको छ । पानी परिसकेको छैन । भएका मन्त्रालय भन्दा बढी माग भएकाले मुख्यमन्त्रीलाई माग अनुसारको मन्त्रालय दिनु मधेशलाई पानी दिनुजस्तै कठिन भएको छ । सरकार विस्तारको हावा चलेको पनि महिनौँ भइसकेको छ । तर विस्तारमा उल्झन छ । जसरी मधेशमा वर्षात नहुँदा पानीका स्रोत हराएका छन् । चापाकलहरु सुकेका छन् । सरकार विस्तारसँगै मधेशमा पानीको स्रोत व्यवस्थापनका लागि उल्लेख्य योजना र कार्यक्रम ल्याएर नागरिकलाई शीतलता प्रदान जरुरी छ । तर यतिखेर दलहरु नै तातिएका छन् । मन्त्रीको भागवण्डामा उनीहरु रापिएका बेला जनता काकाकुल भएको मेसो उनीहरुलाई परेकै छैन ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# जनकपुर क्षेत्रका सरोवर



वीरेन्द्र रमण

> पद्मपुराणको यस पंक्ति तस्मात् तीर्थेषु गंतव्यं नरैः
> संसारभीरुभिः पुण्योदकेषु सततं साधुश्रेणि विराजिषु देखि यसै अर्थको बोध हुन्छ ।
> श्रीमद्भागवतमा भक्तहरूलाई नैं तीर्थ बताएर युधिष्ठिर विदुरदेखि भन्दछन् कि भगवानका प्रिय
> भक्त स्वयं नैं तीर्थका समान हुन्छन् । मिथिला आफैमा एक पुण्य भुमि रहेको छ । सदियौ
> देखि मिथिला क्षेत्रमा पुजापाठ र यज्ञहरु हुने गरिएको कारणले गर्दा सबै आफैमा तिर्थ
> स्थलको रुप ग्रहण गरेको छ ।

तीर्थ संस्कृत भाषाको शब्द हो जसको अर्थ हुन्छ पापदेखि मुक्त दिने स्थल । त्यो स्थलको स्पर्श देखि त्यसको भ्रमणले मानव जिवनलाई कल्याण प्रदान गर्ने स्थल । पुण्य पापको भावना सबै धर्महरूका साथ जोडिएका भएको छ । पुण्यसंचय र पापको निवारक नैं धर्मको मुख्य उद्देश्य बताइन्छ । यस कारण मानव समाजमा धर्मभावनाका प्रबुद्ध हुनको साथ साथ तीर्थहरूको कल्पनाको विस्तार विशेष रूपले भएको छ । भारत,नेपाल सहित अन्य देशहरूमा पनि यस्तो नैं धारणा तथा कल्पनाले अनेक तीर्थहरूको निर्माण गरिएको छ ।

सामान्य रूपले कुनै जल वा जलखंडका किनार स्थित पुण्य स्थानलाई तीर्थ सम्झिन्छ । पद्मपुराणको यस पंक्ति तस्मात् तीर्थेषु गंतव्यं नरैः संसारभीरुभिः पुण्योदकेषु सततं साधुश्रेणि विराजिषु देखि यसै अर्थको बोध हुन्छ । श्रीमद्भागवतमा भक्तहरूलाई नैं तीर्थ बताएर युधिष्ठिर विदुरदेखि भन्दछन् कि भगवानका प्रिय भक्त स्वयं नैं तीर्थका समान हुन्छन् । मिथिला आफैमा एक पुण्य भुमि रहेको छ । सदियौ देखि मिथिला क्षेत्रमा पुजापाठ र यज्ञहरु हुने गरिएको कारणले गर्दा सबै आफैमा तिर्थ स्थलको रुप ग्रहण गरेको छ । विभिन्न धार्मिक ग्रन्थहरुमा मिथिला क्षेत्रको पवित्रा र यसको एतिहासिकताको विषयमा चर्चा गरिएको पाइन्छ । मिथिला सारा हिन्दुहरुको लागि तिर्थ स्थलको रुपमा रहेको छ । विभिन्न ग्रन्थहरुमा यसको चर्चा रहेको छ । जनकपुरको विभिन्न धार्मिक ग्रन्थहरुमा जनकपुरको महिमाको बखान गरिएको छ । शक्ति संगम तन्त्रमा मिथिलाको शास्त्रीय सीमाको वर्णन गरिएको छ ।

*गण्डकीतीरमासाद्य चम्पारण्यान्तकं शिवे ।*
*विदेहभुः समाख्याता तैरभुक्ताभिधा तु सा ॥*

यो मिथिला तैरभुक्त शब्दबाट नै तिरहुत भएको छ । मिथिलाको प्राचीन नाम तिरहुत नै हो आज पनि केही जातिहरुलाई तिरहुतिया भनेर सम्बोधन गरिन्छ । जो वास्तवमा यस क्षेत्रको जातिया विशेषलाई सम्बोधन गरिरहेको छ । विदेहपुरी सदा देखि नै बुद्धिजिविहरुको प्रख्यात स्थल रहेको थियो । वेद तथा उपनषिदहरुमा यसको विविध रुपमा चर्चा भएको पाइन्छ ।

हिन्दुहरुको प्रति प्राचनी ग्रन्थ मध्ये एक रहेको श्रीमद भागवतमा समेत जनकपुरको चर्चा पाइन्छ जो एउटा पवित्र तिर्थ स्थलको रुपमा रहेको छ । यसको चर्चा र वर्णन जुन रुपमा गरिएको छ त्यस अनुसारले अन्य कुनै पनि तिर्थको यति चर्चा भएको पाइदैनन ।

*विदेहानां पुरे ह्स्मिन्नहमेकैव मुढधीः ।*
*यान्यमिच्छन्त्यसत्यस्मादात्मदात् काममच्युतात् ।*

कुनैपनि यस्ता ग्रन्थ छैन जसमा मिथिला वा जनकपुरको चर्चा नहोस हरेक गन्थहरुमा यसको चर्चा भएको पाइन्छ । माथि उल्लेखित श्लोकमा एक वेश्या भन्छन विदेह नगरीमा म मात्रै एक यस्तो महिला हो जो पर पुरुषको अभिलाषा राख्दछु । म मुर्ख हो यो भुमिमा बस्ने जो कोही पनि ईश्वर र जगतजननी जानकीको जन्मभुमि भएको कारणले यसको महिमा अतुल्य छ । पदम पुराणमा समेत जनकपुरको एतिहासिकताको चर्चा गरिएको छ । लेखिएको छ

*जनकस्य तु राजर्षेः कूपस्त्रिदशपूजितः ।*
*तत्राभिषेकं कृत्वा तु विष्णुलोकमवाप्नुयात् ।*

जनकपुरको प्राचीनकाल देखि नै अहिलेको अवस्थामा यथावत रुपमा रहेको छ । जनकपुरको एतिहासिकता र यसको प्राचीनताको विषेशमा विभिन्न ग्रन्थहरुमा उल्लेख भएको पाइन्छ । तर महाभारतकालमा जनकपुर लोप भएका थिए । जंगलको रुपमा जनकपुर भएपछि साधुहरु शान्त र निर्जन वनमा तपस्याको निम्ति आउने गरेका थिए । यी स्थलमा शान्ति पाउथे । सोही क्रममा अहिलेको आधुनिक जनकपुरको खोज दुई साधु शुरकिसोर दास र चतुर्भुजगिरिले गर्नु भयो । जनकपुर भुभागको तिर्थ स्थल र सरोवरहरुको चर्चा विशेष रुपमा मिथिला महात्म्यमा गरिएको छ । यसमा सविस्तार रुपमा चर्चा भएको पाइन्छ । जनकपुरमा सबै भन्दा बढि सरोवरहरु भएको सहरको रुपमा समेत लिने गरिन्छ । जसमा धार्मिक एतिहासिक महत्व समेत केलाइएको छ । साधुहरुले यसको संरक्षण गरेर जनकपुरको रहेक पोखरीको नामाकरण गर्दै शिलालेख समेत राखेको पाइन्छ । आधुनिकताको होडबाजीमा कतिपय पोखरीहरु समाप्त पारिए भने भएको पोखरीमा कुनै कुनै ठाउमा त्यो पत्थरको शिलालेख रहेको छ । अधिकांस ठाउमा लोप भईसकेका छन वा कतिय ठाउमा लोप हुने अवस्थामा रहेको छ । जनकपुरको पोखरीको साथै यहाको मठमन्दिरको विषयमा चर्चित लोकोक्ति छ बाबन कुटिट बहत्तर कुण्डा,फिरे सन्त जन झुण्ड ही झुण्डा ।

जनकपुरको पोखरीहरुको एतिहासिकताको विषयमा विभिन्न चर्चाहरु पाइन्छ यसको पवित्रा यसको एतिहासिकता र धार्मिक महत्वको विषयमा चर्चा पाइन्छ । हिन्दु संस्कारमा नदी,पोखरी र तालमा स्नान गर्दा विभिन्न किसिमको पापबाट मुक्ति र पुण्य प्राप्ती हुन्छ भन्ने धार्मिक मान्यता रहेको छ । मिथिलाको सांस्कृतिक जिवनमा जन्म देखि मृत्युसम्म हुने प्रायः प्रत्येक संस्कारमा पोखरीको अपरिहार्य प्रयोग हुन्छ । मिथिला महात्म्य सहित जनकपुरमा लेखिएका विभिन्न ग्रन्थहरुमा ७२ कुण्डको चर्चा पाइन्छ । पुराणहरुमा जनकपुरमा रहेको अष्ट कूपको चर्चा पाइन्छ । अष्टकूप, सिरध्वजकूप, सतानन्दकूप, अक्रुरकूप, सैमन्तकूप, विद्याकूप, र ज्ञानकूपको अहिले अस्तीत्वमा ६ वटा कूप रहेको पाइन्छ । जनकपुर क्षेत्र भित्र रहेको परिक्रमालाई एउटा आधार बनाएर ७२ सरोवरको चर्चा भएको पाइन्छ ।

जनकपुरमा रहेको केही एतिहासिक पोखरी र यसको धार्मिक महत्व को विषयमा चर्चा गरौ ।

**गंगा सागरः** जनकपुरको सबै भन्दा एतिहासिक स्थलको रुपमा रहेको छ गंगा सागर पोखरी । पौराणिक मान्यता अनुसार मिथिला नाम पौराणिक राजा 'मिथि' को नामले नामकरण गरिएको हो । उनी आफ्नो पिता राजा निमीको शरीरबाट बनाइएको मान्यता रहेको छ । किनभने उनको उत्पति आफ्नो पिताको शरीरको मन्थन उपरान्त भएको थियो, जस कारण उनको नाम मिथि भनिएको हो । पौराणिक परम्परामा राजाको शासकीय क्षेत्रको नाम राजाको नामबाट राख्ने गरिएको थियो । त्यसै कारण मिथिको नामबाट यो क्षेत्रको नाम मिथिला हुन गएको हो । मिथिला जनकपुरीको राजधानी थियो र राजा मिथि जनकबाट उत्पन्न भएकोले स्वयं मिथि र उनी लगायत भएका शासकहरू समेत जनक भनिए । सारा तिर्थको जल ल्याएर मन्थन गरिएको थियो त्यो स्थल नै गंगा सागर थियो । मिथिलावासीको लागि यो एउटा पवित्र सरोवरको रुपमा परिचित रहेको छ ।

**धनुष सागरः** राम मन्दिरको पुर्व पटिट यो सागर रहेको छ । जनकपुरमा प्रचलित कथन अनुसार भगवान रामले धनुष भंग गर्दा धनुषाको एउटा टुक्रा यहा खसेको धार्मिक विश्वास रहेको छ । तर धनुष तिन टुक्राको कुरा कतै लेखिएको पाइदैनन । त्यसले समेत धनुषा सागर को विषयमा कुनै ठोस एतिकासिक तथ्य पाइदैनन ।

**अंगराज सरः** जानकी मन्दिरको उत्तरमा रहेको यस सरोवारको विषयमा रोचक किमदन्ती रहेको छ । सीता रामको विवाहको समयमा उबटन लगाएर नुहाइएको भन्ने मान्यता रहेको छ । अर्को तर्फ सीताले यसै सागरमा नुहाउने गरेको हुदा यलाई अंगराजसर भनिएको छ । अहिले यो पोखरी अरगजा सरले परिचित रहेको छ । यस सरोवरको विषयमा धार्मिक ग्रन्थहरुमा लेखिएको छ । काशीका ब्राम्हण देवदत्तलाई शिवको श्रापले कुष्ठरोग भएको थियो । यस रोगबाट मुक्तिका लागि ती ब्राम्हण मिथिला आए र यसै सरोवरमा स्नान गर्नाले उनि कुष्ठ रोगबाट निको भएका थिए । अहिलेपनि यस सरोवरको विषयमा यस्तै खालको धार्मिक मान्यता रहेको छ ।

**महाराजा सागरः** यो सागर जानकी मन्दिरको पश्चिम तिर रहेको र यस पोखरीको डिलमा राजा दसरथको मन्दिर रहेको छ । शिवको ब्रम्ह हत्या र पर्शुरामको मातृहत्या यो सागरमा नुहाउदा छुटेको धार्मिक मान्यता रहेको छ ।

**मुरली सागरः** यो सागर राम मन्दिरबाट दक्षिण मुरली चौकमा अवस्थित रहेको छ । यो सागरमा रामको विवाहोत्सवकको बेलामा वादय वादन राखिएका थिए भनिन्छ । कतिपयले महाभारतको समयमा बलराम महाभारतको युद्धमा भाग नलिईकन जनकपुरमा आएर बस्नु भएको थियो । युद्ध समाप्त भएपछि बलरामलाई लिनको लागि कृष्ण जनकपुर आए र यसै स्थानमा मुरली बजाएको मान्यता समेत रहेको छ । यसकारणले समेत यस सरोवरको नाम मुरली सर भएको हो ।

**रत्नसागरः** जनकपुरको आंखा अस्पतालको नजिकरहेको रत्नसागर निकै प्रसिद्ध सरोवार हो । यस पोखरीको नजिक राजा जनकको रत्नको भण्डार थियो । केही वर्ष सम्ममा यस पोखरीमा धनुष वाण आकारको दृश्य देख्न सकिन्थ्यो । पोखरीको वरिवरि निकै प्राचनी मठमन्दिर समेत रहेको छ ।

**विहार कुण्डः** जनकपुरको पूसिद्ध सरोवार मध्ये एक हुन विहार कुण्ड । सीताले विद्यारम्भ गरेको ज्ञानकूप संस्कृत विद्यालय जाने बाटोमा रहेको यस कुण्डमा सीताले जल विहार गरेको विश्वास गरिन्छ । पहिला पहिला साधुहरुको सक्रियतामा यहा जल विहार कार्यक्रमको आयोजना गरिन्थ्यो तर अहिले बन्द भएको छ ।

जनकपुरको सरोवरहरुको धार्मिक रुपमा समेत निकै प्रसिद्ध रहेको छ । यसको एतिहासिकतालाई उजागर गर्न सकिएको छैन । हिन्दु संस्कारमा पोखरी र तालमा स्नान गर्दा विभिन्न किसिमको पापबाट मुक्ति र पुण्य प्राप्ति हुन्छ भन्ने धार्मिक मान्यता छ । जनकपुरधाम उपमहानगरपालिकाका क्षेत्रभित्र रहेको प्राचीन पोखरीहरुमा कुनै खास तिथिमा स्नान गरेपछि विशेष फल प्राप्त हुन्छ भन्ने जनविश्वास छ । यहा वर्षभरमा लाग्ने ठुला मेला एवं उत्सावहरु मध्ये विवाह पंचमी, रामनवमी, जानकी नवमी, अन्त्रगृह परिक्रमा, झुलन, गुरु पुर्णिमामा आउने तिर्थयात्रीहरु इहाका पवित्र सरोवरहरुमा स्नान गरेपछि मात्र मन्दिरमा पूजा गर्दछन । यसै गर्दा पनि सरोवरको धार्मिक महत्व प्रष्टिन्छ । जनकपुरका धार्मिक महत्वका पोखरीहरु कुनै नकुनै आख्यानसित जोडिएको पाइन्छ । जनकपुरको पोखरीहरुबाट धार्मिक रुपमा जसरी लाभ लिन सकिन्छ त्यसमा कतै कतै समस्या देखिएको छ । अर्थात हामीले त्यो लाभ लिन सकेका छैनौ । जनकपुरको पोखरीहरुलाई सजाउने नाउमा विगतमा लाखौ रकम खर्च गरिए तर कुनै योजना अनुरुप भएन केवल घाट निर्माण गरियो पोखरीको डिललाई पक्की बनाइयो तर यसको महत्वलाई नै उजागर हुने खालका वा विशेषताहरुलाई नै उजागर गरिने खालको कुनै योजनाहरु अघाडि सारिएन ।

पोखरीको पुर्नस्थापना गरी पुरातात्विक महत्वका धार्मिक सम्पदालाई जगेर्ना गरेमा पर्यटकीय विकासको प्रशस्त सम्भावना छ । विभिन्न पोखरीहरुलाई एतिहासिक पृष्टभमि एवं वर्तमान सान्दर्भिक उपयोगको आधारमा पोखरीहरुको सौन्दर्यीकरण गरी पर्यटकहरुको लागि रमणीय स्थलको रुपमा विकास गर्न सकिन्छ ।

मठ र मन्दिर एवं पोखरी नै पोखरीले भरिएको जनकपुरमा विभिन्न पर्व,मेला र जात्राको अवसरमा लाखौ तीर्थ यात्रुहरु पवित्र सरोवारमा स्नान गरे पछि मात्र मन्दिरमा पुजा गर्ने गर्दछन । यसले पनि पत्रि सरोवरहरुको धार्मिक ,सांस्कृतिक एवं पर्यटकीय महत्वलाई प्रष्ट हुन्छ । पोखरीहरुको शहरको रुपमा परिचित रहेको जनकपुरमा केही समय यता भएको सौन्दर्यीकरणले केही हद सम्म समस्या सृजना गरेको छ । कतिपय पोखरीलाई योजनावद्ध रुपमा अतिक्रमण जस्तै पारियो भने केहीलाई निजि फाइदा पुर्याउने कार्य समेत गरियो यसले जनकपुरको पोखरीहरुको धार्मिक पक्ष गौण बन्दै गए । जनकपुरको धार्मिक पक्षलाई उजागर गरेर यसबाट पर्यटकीय आकर्षणको केन्द्रको रुपमा विकास गर्न वातावरण बनाउन सकिन्छ । जनकपुरको गंगा सागरमा हुने गरिएको गंगा आरती जस्तै अन्य यस्तै खालको गतिविधि गरेर पोखरीको धार्मिक अस्तीत्वलाई जोगाउनुपर्ने आवश्यकता रहेको छ पर्यटकीय विकासमा समेत यसले योगदान पुर्याउन सकिने सम्भावना रहेको छ । यस तर्फ सरोकारवाला निकायको ध्यान जानुपर्ने आवश्यकता रहेको छ ।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरु ☎☎

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँभझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
रचनात्मक काम तिर धेरै मन जाने देखिन्छ । नराम्रो काम तिर भने मन जाने देखिन्न ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
मिठो खाना र उपहार पौने योग रहेको छ । मन डराउने छ ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
चिन्ता बढ्ला जस्तो छ । काम गर्दा विचार पुराउनु होला ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आफन्त वा साथीहरु बाटै काममा अवरोध आउला।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
घाउ चोटपटक वा दुर्घटनाको भय होला ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
काममा परिवारको पर्याप्त सहयोग प्राप्त हुने देखिन्छ ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
नोकरीबाट भलायिको काम हुने छ । शारीरिक शुखभोग प्राप्त हुने देखिन्छ ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
शरीरमा केहि बाधा आउनेछ । केहि बोल्दा फेरी एकदम ध्यान दिनु पर्नेछ ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
सरकारी जागिरबाट भने राम्रो फाइदा हुने योग रहेको छ ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
तपाईले गर्नु भएको काम अथवा जागिरबाट भने खासै त्यस्तो नराम्रो देखिन्न ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
जागिर पनि शिक्षाको भए अझ राम्रो रहेको छ ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
शरीरमा केहि त्यस्तो खराबी देखिएता पनि तपाईको काममा भने खासै अवरोध भने नआउला ।

# मणिपुर हिंसाबारे सामाजिक सञ्जालमा फैलाइएको भ्रम

**बिबिसी ।**

पूर्वोत्तर भारतको हिंसाग्रस्त मणिपुर राज्य सरकारी अधिकारीहरूले इन्टरनेटको पहुँचमा प्रतिबन्ध लगाएर भ्रामक जानकारीहरू हटाउने प्रयास गरेका छन् । तैपनि त्यहाँ मिथ्या सूचनाहरूको बिगबिगी छ । बहुसङ्ख्यक मैतेई समुदाय र आदिवासी कुकी अल्पसङ्ख्यकबीचको द्वन्द्व हालै विश्वव्यापी रूपमा समाचारको विषय बनेको छ । विशेषगरी पुरुषहरूको भिडले दुई महिलालाई आक्रमण गरी निर्वस्त्र पारेर हिँडाएको भिडिओ भाइरल भएपछि यस विषयले भारतभित्र र बाहिर आक्रोश उत्पन्न भएको छ ।



**यौन हिंसाबारे मिथ्या दाबीहरू**

गत मे महिनाको सुरुमा मणिपुरमा हिंसाका घटनाहरू बढेयता महिला माथिको आक्रमण मिथ्या र भ्रामक दाबीको एउटा प्रमुख स्रोत बनेको छ ।




सरकारी अधिकारीहरूले 'सामाजिक सञ्जालमार्फत् भ्रामक सूचना र झुटा दाबीहरू फैलनबाट रोक्न' भन्दै मे ३ मा झडप सुरु हुनासाथ मोबाइलमा इन्टरनेट सेवाहरू बन्द गरेका थिए । त्यसको एकदिन पछि राज्यभर सबै प्रकारका इन्टरनेट सेवाहरू बन्द गरियो । तर त्यतिबेलासम्म कुकी पुरुषहरूले बलात्कार गरी हत्या गरेकी मैतेई नर्स भनिएकी एक महिलाको प्लास्टिकमा बेरिएको शव देखिने बीभत्स तस्बिर सार्वजनिक भइसकेको थियो ।

तस्बिर सामाजिक सञ्जालमा मात्र सीमित थिएन । हामीले त्यो तस्बिर मे ३ मा झडप भएको चुराचाँदपुर जिल्लामा ह्वाट्स्यापमा पनि शेअर भएको प्रमाण भेटेका छौँ । तस्बिरबारे गरिएका दाबीहरू गलत छन् । तस्बिर मणिपुरको होइन । तस्बिर २१ वर्षीया आयुषी चौधरीको हो । उनको गत वर्ष नोभेम्बरमा दिल्लीमा हत्या भएको थियो । त्यसैगरी मे ५ मा बलात्कारपछि हत्या गरिएको भनिएका ३७ मैतेई महिलाहरू र सातवर्षे बालकको शवसम्बन्धी सामाजिक सञ्जालमा फैलिएका कुराहरू पनि झुटा हुन् । उनीहरूको शव मणिपुरको राजधानी इम्फालस्थित सिजा अस्पतालमा परीक्षणका लागि राखिएकोबारे मिथ्या दाबी गरिएको थियो ।

उक्त पोस्ट ट्विटरमा धेरै पटक, उस्तै शब्दहरूसहित साझा गरिएको थियो । त्यस्ता पोस्ट प्रायः नयाँ खाताहरूबाट सार्वजनिक भएका थिए । स्थानीय मणिपुरी भाषामा समेत उही शब्दसहित लिखित सन्देशहरू फेला परेको छ । तलको उदाहरणमा तिनलाई प्रस्तुत गरिएको छ । हामीलाई मणिपुरमा अवस्थित पत्रकारहरूले बताएअनुसार त्यहाँ मोबाइल सेवा बन्द भए पनि सन्देश लेखेर कुराकानी गर्न सकिन्छ । यद्यपि त्यसरी फैलाइएको दाबी गलत हो । सिजा अस्पतालले बताएअनुसार परीक्षण गर्न त्यसरी शवहरू राखिएको छैन । वास्तवमा निजी चिकित्सा संस्थान भएकाले उक्त अस्पताललाई शव परीक्षण (पोस्टमोर्टम) गर्ने अधिकार दिइएकै छैन ।




**मणिपुरको भन्दै म्यान्मारको भिडिओ**

गलत तथा भ्रामक सामग्रीका अन्य उदाहरणहरू पनि छन् । मणिपुरको सडकमा एक महिलालाई आक्रमणपछि हत्या गरिएको दाबीसहित एउटा बीभत्स भिडिओ सार्वजनिक गरिएको थियो । जुन महिनाको अन्त्यमा उक्त भिडिओ ह्याशट्याग (३) 'मणिपुर' सहित साझा हुन थाल्यो र त्यसलाई हजारौँ पटक हेरियो । केहीले भिडिओमा (सम्भवतः मैतेई समुदायका) सशस्त्र पुरुषहरूले एक कुकी महिलाको हत्या गरेको दृश्य समावेश भएको बताएका थिए । सोही भिडिओ एक साताअघि पुरानै दाबीसहित पुनः फैलिन थाल्यो । तर ती दाबीहरू झुटा हुन् । भिडिओ मणिपुरको होइन र पीडित महिला कुकी समुदायकी होइनन् । त्यो त छिमेकी देश म्यान्मारको हो र त्यो दृश्य मणिपुरमा द्वन्द्व सुरु हुनुभन्दा धेरैअघि सन् २०२२ को हो । यसबारे एउटा भारतीय तथ्य जाँच गर्ने साइटले स्पष्ट पारेको छ ।

यो भिडिओ कति व्यापक रूपमा शेअर गरिएको थियो भन्नेबारे हामी निश्चित हुन सक्दैनौँ । तर यो मणिपुरभित्र फैलिरहेको थियो किनकि त्यहाँको राज्य प्रहरीले यसलाई साझा गर्ने जोकोहीलाई कारबाही गर्ने भन्दै सार्वजनिक चेतावनी नै दिनुपर्‍यो ।

**पक्राउबारे गलत सूचना**

जुलाई १९ मा भिडले कुकी समुदायका दुई महिलालाई निर्वस्त्र बनाएर हिँडाएको भिडिओ भाइरल भएपछि मणिपुर हिंसा पुनः समाचारमा छायो । त्यसयता मे महिनाको सुरुतिर भएको उक्त घटनासम्बन्धी गलत सूचना प्रवाह हुने क्रम चलिरहेको छ । भिडिओ सार्वजनिक भएको भोलिपल्ट घटनामा संलग्नताको आरोपमा एक मुस्लिम व्यक्तिलाई पक्राउ गरिएको दाबी गरिएको थियो । उक्त जानकारी प्रवाह गर्नेमध्ये भारतको सत्तारूढ दल भारतीय जनता पार्टी (भाजपा) का नेता तेजिन्दर पाल सिंह बग्गा पनि थिए ।

बग्गाको ट्वीट १० लाखभन्दा बढी पटक हेरिएको छ र त्यसलाई हजारौँले रिट्वीट गरेका छन् । उनको ट्वीटमा ती व्यक्तिलाई महिलाहरूमाथि आक्रमण गर्ने 'मणिपुर मुद्दाका मुख्य अभियुक्त' भनेर उल्लेख गरिएको थियो । तर यो विवरण भ्रामक थियो । त्यस दिन मणिपुर प्रहरीले एक मुस्लिम व्यक्तिलाई गिरफ्तार गरेको भए पनि त्यो निनान्त असम्बन्धित विषयमा थियो । प्रहरीले विभिन्न स्थानबाट कहीँ मानिसलाई पक्राउ गरेको स्पष्ट पारेको छ । यद्यपि ती मुस्लिम व्यक्तिको गिरफ्तारीको सम्बन्ध महिलामाथि भएको आक्रमणसँग देखाइएको छैन । सामूहिक आक्रमणको सम्बन्धमा ती व्यक्तिलाई पक्राउ गरिएको भनेर गलत विवरण प्रकाशन गर्ने समाचार संस्था एएनआईले पछि आफ्नो गल्ती सच्च्याएको थियो ।

उसले आफूले प्रहरीको 'ट्वीटको गलत अर्थ बुझेको' जनाएको थियो । यद्यपि भाजपा नेता बग्गाले बुधवार रातिसम्म आफ्नो ट्वीट सच्याएका थिएनन् । न त उनले घटनाक्रमबारे नै स्पष्ट पारेका थिए ।

# नाइजरमा सैन्य विद्रोह संविधान निलम्बनको घोषणा



**एएफपी नियामे ।**

पश्चिम अफ्रिकी मुलुक नाइजरमा सैनिक विद्रोह भएको छ । सेनाको एक टोलीले राष्ट्रिय टेलिभिजनबाट विद्रोहको घोषणा गर्दै राष्ट्रपतिलाई अपदस्त गरेको दाबी गरेको छ । सैन्य टोलीले राष्ट्रपति मोहम्मद बाजुमलाई बुधबार बिहानैदेखि सेनाले नियन्त्रणमा लिएको छ भने देशको संविधान विघटनका साथै सबै संस्था निलम्बन गरिएको घोषणा पनि गरेको छ ।

सेनाले देशको सिमाना बन्द गरेको बताएको छ । राजधानी नियामेस्थित राष्ट्रपतिको निवास र कार्यालयसम्म जाने बाटो बन्द गरिएको छ भने बन्दी बनाइएका राष्ट्रपतिलाई रिहा गर्न सेनाले अस्वीर गरेको छ । गए राति १० बजेदेखि बिहान ०५ बजेसम्म अर्को सूचना नभएसम्मका लागि 'निषेधाज्ञा' आदेश जारी गरिएको छ । 'हामी, रक्षा र सुरक्षा बलहरूले,' राष्ट्रपति बाजुमको शासनको अन्त्य गर्ने निर्णय गरेका छौंँ,' अन्य नौ जना वर्दीधारी सैनिकबाट घेरिएका कर्णेल अमाडो अब्द्रामानेले बुधबार राति टेलिभिजन सम्बोधनमार्फत घोषणा गरे । विश्व तथा क्षेत्रीय नेताहरूले बाजुमलाई रिहा गर्न आह्वान गरेका छन् ।

दुई वर्ष अघि उनले नाइजरको सत्ता सम्हालेका हुन् । छिमेकी बेनिनका राष्ट्रपति प्याट्रिस टालोन मध्यस्थता प्रयासका लागि नियामेतर्फ प्रस्थान गर्ने तयारीमा रहेको पश्चिम अफ्रिकी राज्यहरूको आर्थिक समुदायले जनाएको छ । राष्ट्रपति र उनको परिवार सकुशल रहेको सेनाले बताएको छ । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस र अमेरिकी विदेश मन्त्री एन्टोनी ब्लिङ्केनले सैन्य विद्रोहको निन्दा गर्दै राष्ट्रपति बाजुमलाई निःशर्त तत्काल रिहा गर्न आह्वान गर्नुभएको छ । अफ्रिकी सङ्घ र युरोपेली सङ्घले पनि सैन्य विप्लवको विरोध गर्दै राष्ट्रपति बाजुमको रिहाईको माग गरेका छन् ।

# कुवेतमा पाँच जनालाई मृत्युदण्ड



**एएफपी कुवेत सिटी ।**

कुवेतले बिहीबार पाँच जनालाई मृत्युदण्ड दिएको छ । प्राण हरणको दण्ड पाउनेमा सन् २०१५ मा आत्मघाती बम विष्फोटमा संलग्न भएको आरोपमा दोषी ठहरिएका इस्लामिक स्टेट समूहका एक सदस्यसमेत रहेका कुवेति सार्वजनिक अभियोजनको कार्यालयले जनाएको छ । उक्त आक्रमणमा २६ जनाले ज्यान गुमाएका थिए ।

कुवेति अभियोजन कार्यालयले एक विज्ञप्ति निकालेर देशको केन्द्रीय कारागारमा मृत्युदण्डको कार्यान्वयन गरिएको र त्यसको अनुगमन गरिएको बताएको छ । मृत्युदण्ड पाएका अधिकांश हत्यामा दोषी ठहरिएका पनि उक्त कार्यालयले स्पष्ट गरेको छ ।

लागू औषध तस्करीमा एक जना श्रीलङ्काली नागरिकलाई पनि मृत्युदण्ड दिइएको छ । उनीहरू सबैलाई झुन्ड्याएर मृत्युदण्ड दिइएको हो । गत नोभेम्बरमा सात जनालाई फाँसी दिइएको थियो ।

# प्रारम्भिक चरणमा नेपालले लाओससँग खेल्ने



**मधेशदृष्टि काठमाडौं ।**

सन् २०१६ मा अमेरिका, क्यानडा र मेक्सिकोमा संयुक्त रुपमा आयोजना हुने फिफा विश्वकपको एसिया छनोटको प्रारम्भिक चरणमा नेपालले लाओससँग खेल्ने भएको छ । बिहीबार मलेसियाको क्वालालम्पुरमा भएको प्रारम्भिक चरणको ड्र मा नेपालले लाओसलाई प्रतिद्वन्द्वी पाएको हो । विश्वकपको एसिया छनोटको प्रारम्भिक चरणमा तल्लो वरीयताको २० टिमलाई दुई पटमा विभाजन गरिएको थियो । जसमा नेपाल पट वान र लाओस पट टु मा थियो ।

प्रारम्भिक चरणको छनोट होम एण्ड अवेको आधरमा खेलाइनेछ । छनोट खेल अक्टोबर १२ र १७ मा हुनेछ । नेपालले गत चैतमा प्रधानमन्त्री कप थ्री नेसन्स कपमा लाओससँग खेलेको थियो । भुटानसमेत सम्मिलित उक्त प्रतियोगितामा नेपालले फाइनलमा लाओसलाई नै हराएर उपाधि जितेको थियो । नेपालले लिग चरणमा लाओसलाई २–० ले र फाइनलमा २–१ ले पराजित गरेको थियो । प्रारम्भिक चरणको विजेता १० टिम विश्वकपको एसिया छनोटको दोस्रो चरणमा प्रवेश गर्नेछन् ।

दोस्रो चरणमा एसियाका शीर्ष २६ र प्रारम्भिक चरणका १० गरी कूल ३६ टिमले खेल्नेछन् । ३६ टिमलाई ९ समूहमा विभाजन गरिनेछ । हरेक समूहमा चार–चार टिम हुनेछन् । हरेक समूहको खेल होम एण्ड अवेका आधारमा खेलाइनेछ । जसबाट समूह विजेता र समूह उपविजेता गरी कूल १८ टिम सन् २०२७ मा हुने एसिया कपमा सिधै छनोट हुनेछ भने विश्वकप छनोटको तेस्रो चरणमा प्रवेश गर्नेछ । दोस्रो चरणमा तेस्रो र चौथो स्थानमा रहने टिम विश्वकप छनोट होडबाट बाहिरिनेछ भने एसिया कप छनोटको तेस्रो चरणमा खेल्नेछन् ।

दोस्रो चरणबाट छनोट भएका शीर्ष १८ टिमलाई विश्वकप छनोटको लागि तेस्रो चरणमा ६ टिम सम्मिलित तीन समूहमा विभाजन गरिनेछ । हरेक टिमको समूह विजेता र समूह उपविजेता गरी ६ टिम सिधै विश्वकपमा छनोट हुनेछ । यस्तै एसियन प्लेअफमा तेस्रो चरणमा तेस्रो र चौथो भएको गरी कूल ६ टिमलाई दुई समूहमा विभाजन गरेर खेलाइनेछ । जसमध्ये समूह विजेता बन्ने दुई टिम विश्वकपमा छनोट हुनेछ । यस्तै दोस्रो स्थानमा रहने टिमबीच अन्तरमहादेशीय प्लेअफमा जानका लागि खेल हुनेछ ।

**प्रारम्भिक चरणमा पराजित टिमलाई अवसर**

फिफा विश्वकपको प्रारम्भिक चरणमा पराजित भएका १० टिमलाई पनि एसियन कप २०२७ को छनोटका लागि भने फेरि अवसर मिल्नेछ । जसलाई एसिया कप क्वालिफायर प्लेअफ भनिनेछ । पहिलो चरणमा पराजित १० टिमलाई होम एण्ड अवेका आधारमा खेल्ने गरी ड्र गरिनेछ ।

क्वालिफायर प्लेअफको विजेता ५ टिम एसिया कप छनोटको तेस्रो तथा अन्तिम चरणमा छनोट हुनेछन् । एसिया कप छनोटको तेस्रो चरणमा यी ५ टिमसँगै विश्वकप छनोटको दोस्रो चरणको छनोटमा ९ समुहको तेस्रो र चौथो भएको कुल १८ टिमले खेल्नेछन् । यस्तै विश्वकप छनोट खेल्न नपाउने नर्दन मारियाना आइल्याण्डले पनि एसियन कप छनोट भने खेल्न पाउनेछ ।

एसियन कपको तेस्रो चरणमा कूल २४ टिमलाई ६ समूहमा विभाजन गरिनेछ र हरेक समूहको विजेता मात्र एसिया कप २०२७ मा छनोट हुनेछ । दोस्रो चरणमा छनोट भएका १८ र अन्तिम चरणको ६ गरी कूल २४ टिमबीच एसिया कप हुनेछ ।

# महिला विश्वकप फुटबलमा पोर्चुगलको पहिलो जित

**मधेशदृष्टि काठमाडौं ।**

फिफा महिला विश्वकप फुटबलमा पोर्चुगलले पहिलो जित हात पारेको छ । अष्ट्रेलिया र न्युजिल्याण्डमा भइरहेको विश्वकपमा पोर्चुगलले बिहीबार भियतनामलाई २–० ले पराजित गरेको हो । पहिलो पटक विश्वकप खेलिरहेको पोर्चुगलको यो ऐतिहासिक जित हो । यसअघि पहिलो खेलमा पोर्चुगल नेदरल्याण्ड्ससँग पराजित भएको थियो । न्युजिल्याण्डको ह्यामिल्टनस्थित वाइकातो स्टेडियममा भएको खेलमा पोर्चुगलका लागि तेल्मा राक्वेल एनकार्नाकाओले सातौं र फ्रान्सिस्का नाजारेथले २१ औं मिनेटमा गोल गरे । पहिलो जितपछि समूह ई मा पोर्चुगल ३ अंक जोडेर तेस्रो स्थानमा छ । पोर्चुगलले अब समूहको अन्तिम खेलमा साविक विजेता अमेरिकासँग खेल्नेछ । अमेरिका र नेदरल्याण्ड्सको समान ४ अंक छ । लगातार दुई हारपछि भियतनाम भने समूह चरणबाटै बाहिरिएको छ ।

# नेपाल इरान र बहराइनसँग खेल्ने



**मधेशदृष्टि काठमाडौं ।**

चीनको हान्झाउमा आगामी सेप्टेम्बर २३ देखि अक्टोबर ८ सम्म हुने १९ औं एसियन गेम्सको भलिबलको समूह विभाजन सार्वजनिक भएको छ । बिहीबार भएको ड्र अनुसार पुरुषतर्फ नेपाल समूह बी मा परेको छ । यस समूहमा नेपालले एसियको बलियो टिम इरानका साथै बहराइनसँग खेल्नेछ । इरानले एसियन गेम्सको पछिल्लो दुई संस्करणमा स्वर्ण जितेको थियो । विश्व वरियतामा इरान १०औं स्थानमा छ र बहराइन ७६ औं स्थानमा छ ।

नेपालको पुरुष भलिबल टिमले लगातार दोस्रो पटक एसियन गेम्स खेल्न लागेको हो । नेपालको पुरुष टोलीले ३२ वर्षपछि सन् २०१८ मा इन्डोनेसियामा भएको एसियन गेम्समा पुनरागमन गरेको थियो । जहाँ नेपाल १५ औं भएको थियो । मानबहादुर श्रेष्ठको कप्तानीमा नेपालले एसियन गेम्सका लागि तयारी गरिरहेको छ ।

# जनमतका नेता डा. झा 'आईडोज' को पेपर रिभ्युअरमा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
डा.सिके राउत नेतृत्वको जनमत पार्टीका नेता तथा प्रसिद्ध छाला, यौनरोग तथा कपाल प्रत्यारोपन विशेषज्ञ डाक्टर प्रशन्न कुमार झा भारतको विश्वप्रसिद्ध इन्डियन डर्माटोलोजी अनलाईन जर्नल आईडोजको पेपर रिभ्युअरमा छनौट भएका छन् ।
एकेडेमिक स्तर राम्रो भएका डाक्टर झाको आर्टिकलहरु रिभ्युको लागि शैक्षिक उत्कृष्टता र विवेकको सम्मान गर्ने भन्दै रिभ्युअरहरुको टोलीमा सामेल हुन आमन्त्रित गरेको आईडोजले पठाएको पत्रमा उल्लेख छ । जर्नलका एडिटर इन चिफ प्रोफेसर डाक्टर के ए सीतारामले पत्र लेख्दै उनलाई अनुरोध गरेका हुन । नेपालबाट छनौट हुने उनी पहिलो डाक्टर हुन् ।
डाक्टर झाले काठमाडौं मेडिकल कलेज (केएमसी) बाट एमबीबीएस , भारतको प्रसिद्ध वनारस हिन्दू विश्वविद्यालय (बीएचयू) बाट क्लिनिकल डर्माटोलोजीमा तीन वर्षे एमडी र जर्मनीको 'फेलोसिप इन एस्थेटिक मेडिसिन' (फाम)को कोर्स पुरा गरेका छन् । उनका विश्वका विभिन्न प्रसिद्ध जर्नलमा १० वटाभन्दा बढी आर्टिकल प्रकाशित भैसकेका छन् । उनी ईन्डियन सोसाईटी अफ एस्थेटिक मेडिसिन र ईन्डियन इन्स्टिट्यूट अफ लेजर एण्ड एस्थेटिक मेडिसिनका आजीवन सदस्य समेत छन् ।
आफूलाई आईडोजले पेपर रिभ्युअर मा छनौट गरेपछि खुसी ब्यक्त गर्दै यो नेपाल र नेपाली डाक्टरको लागी निकै महत्वपुर्ण उपलब्धी रहेको डाक्टर झा बताउछन् ।
डा. झा सम्पन्न भएको प्रदेशसभाको निर्वाचनमा जनमत पार्टीबाट उम्मेदवार बनेका थिए । उनी नेपाली कांग्रेसका रामसरोज यादवबाट हार बेहोरेका थिए ।

# हातहतियार प्रदर्शन नगर्न सिडिओ कार्यालयद्वारा सूचना




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषामा कुनै पनि पर्व त्योहारमा घरेलु हातहतियार प्रर्दशन नगर्न नगराउन जिल्ला प्रशासन कार्यालयले सूचना जारी गरेको छ ।
मुस्लिम समुदायले मनाउने मोहरम पर्वलाई लक्षित गर्दै धनुषाका प्रमुख जिल्ला अधिकारी काशिराज दाहालले सार्वजनिक स्थलहरुमा हातहतियार प्रदर्शन नगर्न सूचना जारी गरेका हुन् । उनले विभिन्न सम्प्रदायहरुले मनाउने पर्वहरुलाई शान्तिपूर्ण, मर्यादित, व्यवस्थित एंव सुरक्षित ढंगले मनाउन अनुरोध गरेका छन् ।
'पर्वको अवसरमा सार्वजनिक स्थलहरुमा कुनै पनि किसिमको घरेलु हातहतियार खुकुरी, तरवार, भाला, फर्सा आदी) प्रदर्शन नगर्न÷नगराउन जिल्ला प्रशासन कार्यालय अनुरोध गर्दछ', सूचनामा भनिएको छ, 'यस सूचनाको अवज्ञा गरी कुनै किसिमको कार्य गरेमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।'
शनिबार हुने मोहर्रम पर्वमा मुश्लिम समुदायले घरेलु हतियार प्रर्दशन गर्दै आएकोमा हातहतियार प्रर्दशन नगर्न जिल्ला प्रशासन कार्यालय धनुषाले सूचना जारी गर्दै अवज्ञा गरे कानुन बमोजीम कारवाही हुने चेतावनी समेत दिइएको छ । यता हिन्दुवादी संगठनहरुले समेत पर्वहरुमा हातहतियार प्रयोग गर्दै आएको भन्दै विरोध जनाएका थिए ।

# स्वास्थ्य क्षेत्रमा क्रान्ति ल्याउन नीति निर्माण: मन्त्री



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
स्वास्थ्य तथा जनसंख्या मन्त्री मोहनबहादुर बस्नेतले स्वास्थय क्षेत्रमा क्रान्ति ल्याउन मन्त्रालयले विभिन्न किसीमको नीति निमार्ण गरेको बताएका छन् । उनले ६ महिना भित्रमा नेपालको स्वास्थ्य क्षेत्रमा आमूल परिवर्तन ल्याउने प्रतिवद्धता जनाएका हुन् ।
प्रदेश स्वास्थ्य आपतकालीन कार्य सञ्चालन केन्द्रको बिहिबार धनुषाको सपहीमा प्रदेश सरकारलाई हस्तान्तरण गर्दै मन्त्री बस्नेतले स्वास्थ्य मन्त्रालयले पहिलो पटक नीजि तथा सरकारी अस्पतालमा गरेर ३ हजार २५ वटा शय्या गरिब तथा विपन्न वर्गका लागि निःशुल्क छुट्याउने काम भएको बताए ।
मन्त्री बस्नेतले अस्पतालको १० प्रतिशत शय्या निःशुल्क गर्नुपर्ने प्रावधानको पालना ठुलोदेखि सबै अस्पतालले गर्नुपर्ने धारणा निःशुल्क शय्या नछुट्याउने माथि सरकार कठोर भएर कारबाही गर्ने बताए । उनले संविधानले नै आम जनताको लागि ग्यारेन्टी गरेको आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क प्रदान गर्ने प्रावधानलाई स्थापित गराउनका लागि मन्त्रालयले काम गरिरहेको बताए । मन्त्री बस्नेतले मधेश प्रदेशको नारायणी उपक्षेत्रीय अस्पतालमा किड्नीको हस्तान्तरणका लागि काम अगाडी बढाइसकेको र जनकपुरधाममा मुटुको सबै प्रकारको उपचार गर्ने गरि गङ्गालाल हृदय रोग केन्द्रको शाखालाई बलियो बनाउने काम भएको बताए ।
मधेश प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री कृष्णप्रसाद यादवले मधेश प्रदेशमा गरिबी अत्यधिक भएका कारणले स्वास्थ्यमा बढी समस्या रहेको बताउँदै जनसंख्याको अधारमा स्वास्थ्यमा बजेट विनियोजन गर्नका लागि माग गरे । त्यसैगरि मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री वीरेन्द्र कुमार सिंहले मधेश प्रदेशको स्वास्थ्य सुधारका लागि मन्त्रालयले काम थालेको उल्लेख गर्नुहुँदै सबै जिल्ला अस्पतालहरूलाई १ सय शय्यामा सञ्चालन गर्ने निर्णय भएको बताए । उनले मधेश प्रदेशमा स्वास्थ्य संस्थाको नाममा ठगी भइरहेको उल्लेख गर्नुहुँदै किराना पसल जस्तो अस्पताल र खाजा पसल जस्तो सञ्चालनमा रहेका क्लिनिकहरूको नियमन गरेर मापदण्ड विपरीतका अस्पताल माथि कारबाही गर्ने बताए ।
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा.रोशन पोखरेलले प्रदेश स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्रबाट मधेश प्रदेश आउने प्राकृतिक प्रकोप तथा महामारीको समयमा प्रभावकारी काम हुने आशा व्यक्त गरे ।
प्राकृतिक विपद्को समयमा काम गर्ने उद्देश्यले विश्व स्वास्थ्य सङ्गठनको आर्थिक लगानीमा निर्माण भएको प्रदेश स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्रबाट बाढी, आगलागी, महामारी डुबान तथा कटानको समयमा सूचना सङ्कलन गरेर उपचार तथा अन्य प्रकारको व्यवस्थापन गर्ने भएको छ ।

# जनमतले डाक्यो मधेश प्रदेश समितिको बैठक



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनमत पार्टीले मधेश प्रदेश समितिलाई छलफलका लागि बोलाएको छ ।
समसामयिक विषय बस्तुमा छ्लफल तथा प्रशिक्षणको लागि जनमत पार्टीले मधेश प्रदेश समितीको बैठक बोलाएको हो । साउन १२ गते शुक्रबार बिहान ७ बजे बर्दिबासस्थित बर्दिबास रिसोर्टमा बैठक बोलाइएको जनमत पार्टी केन्द्रीय कार्यकारिणी समिती सदस्य सत्यनारायण मण्डलले जानकारी दिए । बैठकमा समसामयिक विषयमा छ्लफल,पार्टी सम्बन्धि प्रशिक्षणसहित अन्य विषय बस्तुमासमेत छ्लफल हुने नेता मण्डलले बताए । बैठकमा जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा.सीके राउतसहित पार्टीका शिर्ष नेताहरुकोसमेत उपस्तिथि रहने उनले बताए ।

# गायन क्षेत्रका सहनी र कुँवर जनमत पार्टीमा प्रवेश



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मैथिली र भोजपुरी क्षेत्रका चर्चित गायक संतोष राज सहनी र गायिका सेलिना कुँवर जनमत पार्टीमा प्रवेश गरेका छन् ।
बिहिबार काठमाडौँको बुद्धनगरस्थित जनमत पार्टीको केन्द्रिय सम्पर्क कार्यलयमा एक कार्यक्रमबीच गायक संतोष राज सहनी र गायिका सेलिना कुँवरले पार्टी प्रवेश गरेका हुन् । उनि दुबैजनालाई जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा.सीके राउतले टिका र खादा लगाएर पार्टीमा स्वागत गरेको हो ।साथै,दुबैजनालाई पार्टीको सदस्यतासमेत अध्यक्ष डा.राउतले प्रदान गरेका छन् ।
गायक सहनी र गायिका कुँवर धनुषा जिल्लाको कमला नगरपालिका –२ निवासी हुन् ।

# निर्वाचन खर्च बुझाइसकेको एमाले नेता अरगरियाको दावी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एमालेका केन्द्रिय सदस्य उमाशंकर अरगरियाले निर्वाचन आयोगलाई निर्वाचन खर्चको विवरण पहिले नै बुझाइसकेको दावी गरेका छन् । निर्वाचन आयोगले खर्च विवरण सार्वजनिक नगर्नेहरूको सूचीमा उनको नाम पनि समावेश गरेपछि उनले आपति जनाएका हुन्
उनले निर्वाचन आयोगले खर्च विवरण सार्वजनिक नगर्नेहरूको सूचिमा आफ्नो नाम पनि उल्लेख गरेकोप्रति आफ्नो गभ्मिर ध्यानाकर्षण भएको समाजीक संजाल फेसबुकमा उल्लेख गरेका छन् । स्टाटसमार्फत उनले २०७९ मंसिर २३ गते नै निर्वाचन आयोगमा बुझाएको र त्यस विवरणको दर्ता नंम्बर १५८ रहेको समेत जनाए । पूर्वमन्त्री अरगरियाले आफ्नो फेसबुकमा लेखेका छन्,'निर्वाचन आयोगले खर्च विवरण सार्वजनिक नगर्नेहरूको सूचिमा मेरो पनि नाम उल्लेख गरेकोप्रति गभ्मिर ध्यानाकर्षण भएको छ । मैले निर्वाचन सम्पन्न भए लगत्तै मिति २०७९ मंसिर २३ गते निर्वाचन आयोगमा खर्च विवरण बुझाएको हुँ जसको दर्ता नम्बर १५८ रहेको छ । तसर्थ, उक्त सूचिबाट मेरो नाम हटाई यस बारेमा आम सञ्चारमाध्यमलाई सहि सूचना उपलब्ध गराईदिनुहुन र यसअघि प्रकाशित समाचारले भ्रम श्रृजना भएको हुदा उक्त समाचार सच्याइदिनुहुन पनि म आग्रह गर्दछु ।'

# चोरी भएका मोबाइल सम्बन्धित धनीलाई बुझाइयो



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा प्रहरीले विभिन्न मितिमा चोरी भएका तथा हराएका ४ वटा मोबाईल बिहिबार अनुसन्धान पश्चात् फेला पारी मोवाईल धनीलाई बुझाएको छ ।
प्रहरीले बिहिबार फेला पारी बुझाउनेमा महोत्तरी पिपरा बस्ने शिव सुन्दर मण्डलको ओप्पो ए ५४, धनुषा औरही गा.पा. ५ बस्ने बिजय मण्डलको बेन्को एइ९०१०, लक्ष्मिनिया गा.पा. ०२ बस्ने सुधिर यादवको मोबाईल, जनकपुरधाम १ बस्ने सुमित रायको रेडमी ९ मोबाइल र धनुषा मिथिला बिहारी नपा ९ बस्ने लक्ष्मण यादवको नोकीया सी ३० मोबाईल बुझाइएको धनुषा प्रहरीले जनाएको छ ।


रोजगार बनौं ! ADMISSION OPEN रोजगार बनौं !
जनकपुर अंचल भरिमै लगातार उत्कृष्ट रुपमा रिजल्ट ल्याउन सफल एकमात्र-सु-प्रसिद्ध तालिम केन्द्र
शंकर टेक्निकल
CTEVT द्वारा मान्यता प्राप्त
२०८०/०८१ मा डिप्लोमा तथा प्रि-डिप्लोमा तहको पूर्ण शुल्किय तर्फको आवेदन फारम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना।
DIPLOMA PROGRAMME
समान्य चिकित्सा (H.A.) - ३ वर्ष
आयुर्वेद समान्य चिकित्सा (A.H.A.) - ३ वर्ष
ल्याब टेक्निसियन (C.M.L.T.) - ३ वर्ष
PRE-DIPLOMA PROGRAMME
विद्युत सब-ओभरसियर (E.S.O.) - १८ महिने
सिभिल सब-ओभरसियर (C.S.O.) - १८ महिने
सर्भे ईन्जिनियरिङ्ग (अमिन नाप) - १८ महिने
कोषहरुमा Diploma को लागि S.L.C. पास तथा SEE मा न्यूनतम 2 GPA तथा प्रि डिप्लोमाको लागि S.L.C. पास तथा SEE मा E ग्रेड सम्मका विद्यार्थीहरु नयाँ भर्नाका लागि आजै सम्पर्क गरेर आ-आफ्नो सिट सुरक्षित राखी मौकाको फाइदा उठाउनुहोस्।
फारम भर्ने अन्तिम मिति : २०८० श्रावण १२ गतेसम्म।
Diploma को प्रवेश परीक्षा हुने मिति : २०८० श्रावण २४ गते विहान ८:०० बजे।
Pre-Diploma को २०८० श्रावण २४ गते दिउँसो १ बजे।
सम्पर्क स्थान
शंकर टेक्निकल ट्रेनिङ्ग सेन्टर
जिरोमाइल (कवरगाह देखि दक्षिणपट्टी जाने बाटोमा) जनकपुरधाम-७
041-421362, मो.-9812091464, 9854020564, 9844038367



# हत्यापछि फालिएका दुई शव फेला

*वीरगंजको नगवामा भारत, बिहार, रक्सौलको थाना रोड बस्ने ४३ वर्षीय अनिल कुमार खेतानको शव फेला परेको छ भने बाराको विश्रामपुर गाउँपालिकाको वडा नम्बर ४ बलिरामपुरमा फेटा गाउँपालिका वडा ४ चिलझ्ट्टी निवासी पन्नालाल साह कलवारको शव फेला परेको हो ।*



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको नगवा र बाराको विश्रामपुरमा हत्या गरी फालेको अवस्थामा २ जनाको शव फेला परेको छ ।



वीरगंज महानगरपालिका वडा नम्बर १६ नगवामा विहीबार बिहान भारत, बिहार, रक्सौलको थाना रोड बस्ने ४३ वर्षीय अनिल कुमार खेतानको शव फेला परेको प्रहरीले जनाएको छ । खेतानको शव विहीबार बिहान ८ बजे नगवास्थित माइदिया पोखरीको किनारमा पानीमै तैरिरहेको अवस्थामा फेला परेको पर्साका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक गिरीले जानकारी दिए । खेतान वीरगंजमा व्यापार व्यावसाय सञ्चालन गर्दै आइरहेका थिए । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरी प्रवक्ता गिरीले बताए ।

यसैगरी, बाराको विश्रामपुर गाउँपालिकाको वडा नम्बर ४ बलिरामपुरमा फेटा गाउँपालिका वडा ४ चिलझ्ट्टी निवासी पन्नालाल साह कलवारको विहीबार बिहान हिलोले लत्पतिएको अवस्थामा शव फेला परेको छ । विश्रामपुर गाउँपालिका वडा नम्बर ४ बलिरामपुरमा स्थानीयले साहको शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । सूचना पाएलगतै प्रहरी चौकी मुसहर्वाको टोली र सशस्त्र प्रहरी बरैनियाको टोली घटनास्थलमा पुगेको थियो ।

३८ वर्षका पन्नालाल विगत १० वर्षदेखि विश्रामपुर गाउँपालिका वडा नम्बर–४ बलिररामपुर मै जग्गा किनेर बस्दै आएका थिए । आपसी रिसिबीका कारण कसैले उनको हत्या गरेको हुनसक्ने प्रहरीको अनुमान छ । जिल्ला प्रहरी कार्यालयबाट पनि तालिम प्राप्त कुकुरसहित प्रहरी घटनास्थल पुगेर अनुसन्धान गरिरहेको छ । उनलाई आपसी विवादमा एक महिना पहिला छिमेकी फुलचन महतो केवटले ज्यान मार्ने धम्की दिएका थिए । मृतकको हत्यामा महतोको संलग्नता हुनसक्ने आशंका पत्नी सीतादेवीले गरेसँगै प्रहरीले महतोलाई पक्राउ गरी आवश्यक अनुसन्धान अगाडि बढाएको छ ।

# ‘ग्रामीण क्षेत्रमा उद्योग स्थापना गरिनेछ’



**मधेशदृष्टि**
**वीरगंज ।**
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले औद्योगिक वातावरण निर्माण गरी पर्साको ग्रामीण क्षेत्रमा समेत उद्योग, कलकारखाना स्थापना गरिनेमा जोड दिएका छन् । पर्साको ग्रामीण सदरमुकामको रुपमा रहेको पोखरियामा विहीबार पोखरिया नगरपालिकाद्वारा मन्त्री रिजालको सम्मानमा आयोजित स्वागत कार्यक्रममा मन्त्री रिजालले वीरगंजमा केन्द्रित औद्योगिक क्षेत्रको विस्तारलाई पर्साको ग्रामीण क्षेत्रमा समेत ल्याउनु पर्ने बताए । उनले औद्योगिक क्षेत्रको विस्तारसँगै रोजगारीको वातावरण निर्माण हुने हुँदा उद्योग स्थापनामा स्थानीयको महत्वपूर्ण भूमिका रहेको बताए ।

मन्त्री रिजालले पर्साको ग्रामीण क्षेत्रको केन्द्रका रुपमा रहेको पोखरियामा जिल्लास्थित सरकारी कार्यालयको शाखा कार्यालय स्थापना आफ्नै कार्यकालमा हुनेसमेत दाबी गरे । पोखरिया नगरपालिकाका नगरप्रमुख प्रद्युमन चौहानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जगरनाथपुर गाउँपालिकाका अध्यक्ष श्रीकान्त यादव, नविन सिंह, वशिष्टनारायण पटेल, पोखरिया नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवेन्द्र सापकोटालगायत पोखरिया नगरपालिकाका जनप्रतिनिधि, कर्मचारीको सहभागिता थियो ।




# मधेश किन पछाडि पर्यो ?

### सिँचाईः
यसको व्यापक प्रबन्ध गर्नुपर्यो । सिँचाईको कुनै विकल्प छैन । सिँचाईको एउटा नेटवर्क बनाउन आवश्यक छ । यहाँ सञ्चालित सिँचाई योजनामा आवश्यक परेका बेला पर्याप्त पानी नआउने र हिउँदमा सुख्खा हुने समस्या छ । कोशीदेखि कर्णालीसम्म रहेका नदीको नेटवर्किङ गरी नहरको माध्यमले जोड्न सकिन्छ । यसले केही हदसम्म बाढी पनि नियन्त्रणमा आउँछ र सुक्खा रहेका क्षेत्रमा सिँचाई पनि गर्न सकिन्छ । सिँचाईविना तराई मधेशको प्रगति हुनेवाला छैन ।



### रेमिट्यान्सः
बेरोजगारी बढेसँगै यस क्षेत्रका अधिकांश युवा वैदेशिक रोजगारमा जान थालेका छन् । यसले रेमिट्यान्स धेरै भित्रिन थालेको छ । तर रेमिट्यान्स बढी अनुत्पादक क्षेत्रमा खर्च भइरहेको छ । यसपालीको बजेटले पनि रेमिट्यान्सको पैसा जग्गामा लगानी गरे करमा २५ प्रतिशत छुट दिने गलत नीति सरकारले ल्याएको भन्दै आलोचना भइरहेको छ । अतः निर्वाचित प्रतिनिधि र राजनीतिक गर्नेहरुको व्यवहार र काम गर्ने सोच एवम् शैली सुध्रिएन भने मधेशी जनताले मतमार्फत विकल्पको खोजी गर्ने देखिन्छ ।

**श्याम कुमार ठाकुर/नेपाल टेलिभिजन**
**सिरहा ।**
विकासका दृष्टिकोणले हेर्ने हो भने मधेश प्रदेशका स्थानीय तह अरु प्रदेशको तुलनामा मधेश प्रदेशको जिल्लाका स्थानीय तह पछाडि रहेका छन् । तराईका धेरैजसो ठाउँ वा आलेखमा व्यापारिक नगरीका रुपमा चिनिएको गरिए पनि मधेश प्रदेश विकासमा पछि पर्नुको कारणहरु खोतल्ने प्रयास गरिएको छ ।
एकलजातीय बाहुल्यता भएको मधेश प्रदेश तराईका जिल्ला लाई जातिवादले गिजोलिरहेको छ । जुनसुकै कुरामा जातिको नारा लगाउनु यहाँ पहिलो प्राथमिकतामा पर्छ । जसको प्रभाव सर्वसाधारण मात्र नभई राजनीतिक व्यक्तिहरुमा समेत परेको पाइन्छ । विकास अरुले गर्यो भने अर्को चुनाव हामी के गर्ने भन्ने सोच यहाँ व्याप्त छ । न आफू गर्ने न अरुलाई गर्न दिने मानसिकता भएका मानिसहरुको हातमा परेको छ मधेशको राजनीति ।
त्यसो त यहाँका वासिन्दा पनि आफ्नो गाउँठाउँमा के भयो, कसले के अनियमितता गरिरहेको छ भन्ने कुराका मतलब खासै मतलब गर्दैनन् । यहाँका व्यापारीमा व्यापारबाहेक अर्कोतिर ध्यान नै छैन । उनीहरु व्यापार गर्ने,आफ्नो निजी काम गर्ने, कार्यालय जाने, पसल खोल्ने काममा नै आफ्नो दिनचर्या बिताइरहेका हुन्छन् । आफू हिलोमा हिँड्छन् । समस्या जटिल हुन्छन् तर, आवाज उठाउँदैनन् । गैरजिम्मेवार नेताहरु बढी भएकोले मधेश प्रदेशका जिल्लाहरु विकासमा पछाडि परेको आक्रोश आम मानिसमा छ । जितेर गएपछि उनले प्रतिनिधिहरु कमै मात्र आफ्नो निर्वाचन क्षेत्र फर्कन्छन । देश संघीयतामा गइसकेपछि जनताले विवकासको आशा गरेका थिए । तर, अहिले स्थानीय तह आर्थिक अनियमितता, भ्रष्टाचारमा लिप्त छ ।
स्थानीय तहका नगर प्रमुखहरु आफ्नो र आफ्नो पार्टी कार्यकर्ताको लागि मात्रै हेर्छन् । चुनावको बेला खानपान र आर्थिक चलखेल गरेर जितेकाहरु आफ्नो चुनावी खर्च असुल्नतिर लाग्दा मधेश प्रदेशका स्थानीय तहका विकास ‘आकाशको फल’ जस्तै भएको छ ।
यहाँका माध्यामिक विद्यालय झगडा र लागुपदार्थ दुव्र्यसनीको अड्डाका रुपमा स्थापित हुन थालेका छन् । तर, यसबारे सोच्ने कसले ? यही हो मधेश प्रदेश ?

### हुलाकी राजमार्गः
मधेशको सडक पूर्वाधारको मेरुदण्ड मानिएको हुलाकी राजमार्ग वर्षौंदेखि चर्चामा छ । तर अझै निर्माण हुनसकेको छैन । मधेशको कायापलटका लागि हुलाकी मार्ग पनि महत्वपूर्ण अङ्ग हो । पूर्व–पश्चिम राजमार्गको सट्टामा यो राजमार्ग निर्माण भएको भए अहिले मधेश कहाँबाट कहाँ पुगिसक्थ्यो, त्यसको हामी कल्पना पनि गर्न सक्दैनौँ । हुलाकी मार्गको निर्माणले चुरेक्षेत्रको संरक्षण पनि हुन्थ्यो । यति वन फँडानी पनि हुँदैन्थ्यो । तर राज्यको दुर्भाग्यपूर्ण नीति नै भन्नुपर्छ हुलाकी मार्गलाई ओझेलमा पार्नेगरी पूर्व–पश्चिम राजमार्ग निर्माण गरियो । त्यसमा व्यापकरूपले वन फँडानी गरियो । यसले मधेशमा वातावरण सन्तुलन बिगारेको छ र निकै पछाडि धकेलेको छ । हुलाकी मार्गले एउटा ठूलो बजारको निर्माण गर्न सक्छ । कृषि, उद्योग, जनजीविकाका लागि ठूलो वरदान सावित हुनसक्छ ।

### संकटमा कृषि
केही दशक अघिसम्म कृषि र खेतीपातीलाई नै आफ्नो मुख्य पेसा बनाएको मधेशी समाजले यतिखेर वैदेशिक रोजगारलाई मुख्य पेसा बनाएका छन् । वैदेशिक रोजगार नै रोजगारीको मुख्य आकर्षण बन्न पुगेको छ । मधेशका ३ वटा लाइफलाइन छन्, जसले मधेशको कायापलट गर्न सक्छ ।

आर्थिक अनियमितताका लागि निकै बदनामी कमाएको मधेश प्रदेश कार्यसम्पादनमा पनि सातै प्रदेशभन्दा पछाडि देखिएको छ ।
मधेश प्रदेश मानव विकास सूचककांङ्कमा पनि पछाडि नै छ । मधेश आन्दोलनअघि शिक्षाको अवस्था राम्रो थियो तर पछिल्लो मधेश आन्दोलनपछि नै शिक्षाको अवस्था खस्किएको छ ।
मधेशका विपन्न बस्तीहरू, जहाँ शिक्षा, स्वास्थ्य, रोजगारी, भौतिक पूर्वाधारलगायत अत्यावश्यक सेवा पहाडका दुर्गम जिल्लाको जस्तै दयनीय छ । कतिपय ठाउँ त पहाडी जिल्लाभन्दा पनि दयनीय छन् । मधेशको विकास गर्न राज्य र त्यहाँका नेताले ध्यान नदिएको मधेशका बासिन्दा गुनासो गर्छन् ।
कसरी पैसा कमाउने भन्ने ध्याउन्नमा छन् अधिकांश प्रतिनिधिहरु । मधेश प्रदेशमा ८ वटा जिल्लाहरु पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरीका दक्षिणी सीमावर्ती क्षेत्रमा आर्थिक–सामाजिक पूर्वाधारको अवस्था विकराल छ । विभिन्न अध्ययनअनुसार यस क्षेत्रमा गरिबी तुलनात्मक रूपमा बढिरहेको देखिन्छ ।

# बाढी नियन्त्रण रोक्न ड्याम निर्माण

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको ठोरीस्थित ठुटे खोलामा आएको बाढीले ठोरीको मुख्य बजार क्षेत्र कटान गर्न थालेपछि गाउँपालिकाले बाढी नियन्त्रणका लागि ड्याम लगाउने अभियान सुरु गरेका छन् ।
नेपाल भारत सीमाक्षेत्र भएर बग्ने ठुटे खोलामा ठोरी गाउँपालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले बजार क्षेत्र जोगाउन ठुटे खोलाको नेपालतर्फको किनारमा ड्याम लगाउने कार्य गाउँपालिकाले सुरु गरेको बताए । ठोरीमा दुई दिनअघि परेको अविरल वर्षाका कारण ठुटे खोलाले बजार क्षेत्रमा कटान गरेको र नदी नियन्त्रण नगरे ठोरीको मुख्य बजार क्षेत्र खतरामा पर्ने देखिएसँगै बुधबारदेखि ड्याम लगाउने अभियान सुरु गरिएको बताए ।
अभियानअन्तर्गत पहिलो चरणमा गिट्टी, बालुवा, ढुङ्गा माटो भर्ने र दोस्रो चरणमा ढुङ्गाको तार जाली लगाएर नदी कटान रोक्ने कार्यमा गाउँपालिका जुटेको अध्यक्ष श्रेष्ठले बताए ।
नेपालतर्फ गाउँपालिकाले ड्याम निर्माण गर्न लागेपछि भारतीय सुरक्षाकर्मीले



अवरोध गर्न खोजे पनि सम्झाइबुझाइ फिर्ता पठाइएको बताउँदै श्रेष्ठले भारततर्फ ठुटे खोला नियन्त्रणका लागि ड्याम निर्माण गरिएको र नेपालमा ड्याम नहुँदा नदी कटानले बजार क्षेत्र खतरामा रहेको हुँदा गाउँपालिकाले ठोरी बजारलाई जोगाउन ड्याम निर्माणलाई तिव्रता दिएको जानकारी दिए । नेपालतर्फ झण्डै १ किलो मिटर क्षेत्रमा ड्याम लगाउनु पर्ने देखिएको बताउँदै यसका लागि केन्द्र र प्रदेश सरकारले गाउँपालिकालाई सहयोग गर्नु पर्ने अध्यक्ष श्रेष्ठले बताए ।

# बेचबिखन रोकथाम तथा ओसारपसार नियन्त्रणबारे समन्वय बैठक

**मधेशदृष्टि**
**वीरगंज ।**
मानव बेचबिखन रोकथाम तथा ओसारपसार नियन्त्रण एवम् मानव बेचविखनमा परेकालाई स्वदेश फिर्ता गर्ने सम्बन्धमा विहीबार नेपाल भारतका सरोकारवालाबीच वीरगंजमा समन्वय बैठक भएको छ ।




बैठकलाई सम्बोधन गर्दै वीरगंज महानगरपालिका उपप्रमुख इम्तियाज आलमले मानव बेचबिखन जटिल समस्या भएको र यसलाई नियन्त्रण गर्न दुई देशका निकायबीचको समन्वयात्मक भूमिका महत्वपूर्ण रहेको कुरामा जोड दिए । उनले समय परिवर्तनसँगै नयाँ स्वरुपमा मानव बेचबिखन हुन थालेको बताउदै सुरुमा कामदार तथा यौनकर्मीको रुपमा सीमित रहेको बेचविखन अहिले अवैध लागुऔषध, हातहतियारको कारोबारसहित संगठित अपराधका रुपमा समेत हुन थालेको भन्दै चिन्ता व्यक्त गरे ।
मानव बेचबिखनमा परेकाहरुको उद्धार र समन्वयका लागि काम गरिरहेको संस्था महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह (एटविन) नेपालका कार्यकारी निर्देशक बेनुमाया गुरुङले मानव बेचविखन तथा ओसारपसार अपराधको प्रभावकारी रोकथाम गर्न र अनुसन्धानको काम सरकारसँग समन्वय गरी आफूहरुले गरिरहेको बताए ।
कार्यक्रममा भारतका सिडब्लुसी मोतिहारीका धिरज प्रहाट, बेतियाका आदित्य यादव, डिसिपियु बेतियाका बृज भुषण, रक्सौलका मनोजको उपस्थिति थियो । कार्यक्रममा महिला तथा बालबालिका बेचबिखनसँग सम्बद्ध संस्थाका प्रतिनिधि, सञ्चारकर्मीको सहभागिता थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन